भटमास भुटेर, हरियो कोसा उसिनेर र दाल वा तरकारीको रुपमा उपयोग गरिन्छ । भटमासको दुध, टोफू बनाइनुको साथै तेल उद्योगमा पनि यसको व्यापक प्रयोग हुन्छ । यसको पिना पशु आहारमा, उद्योगमा कच्चा पदार्थको रुपमा प्रयोग हुन्छ ।

१. भटमासको जरामा साना-साना गिर्खाहरू हुने भएकाले वायुमण्डलीय नाइट्रोजन लिई माटोमा जम्मा गर्दछ, जसको फलस्वरुप जमीनको उर्वरा शक्ति बढाउँछ ।

२. भटमासको दालमा २२ देखि ४० प्रतिशतसम्म प्रोटिन हुने भएकाले यसको प्रयोगबाट प्रोटिन तत्व हुने भएकाले यसको प्रयोगबाट प्रोटिन तत्व पूर्ति गर्नमा निकै ठूलो मद्दत गर्दछ । यसलाई गरिबको मासु पनि भनिन्छ ।

३. भटमास बालीले माटोमा सरदर १०१ किलो ग्राम नाइट्रोजन प्रति हेक्टर प्रदान गर्दछ ।

४. कोसा निकाली सकिएको झ्याम्टामा समेत चिल्लो पदार्थ १.८ प्रतिशत, प्रोटिन ४.४ प्रतिशत, कार्वोहाइड्रेट ५.० प्रतिशत, रेशा २१.४ प्रतिशत लवण १२.२ प्रतिशत र चिस्यान १०.२ प्रतिशत पाउन सकिने भएकाले गाईवस्तुको लागि पनि ज्यादै राम्रो आहार मानिन्छ ।

**१.३ भटमास खेतीको लागि हावापानी :**

यसको खेती तराई र मध्य पहाड क्षेत्रमा विभिन्न समयमा गरिन्छ । मध्य पहाडमा माघ-श्रावण र तराईमा असोज-कार्तिक महिनामा गरिन्छ । यद्यपि यसको खेती विभिन्न ठाउँ अनुसार फरक पर्दछ । सरदर २६.५ देखि ३० डिग्री सेल्सियस तापक्रम भएको ठाउँ उपयुक्त मानिन्छ । यसको उत्पादन १० डिग्री सेल्सियसमा प्रभावकारी भएको मानिन्छ ।



**१.४ ठाउँको छनोट :**

भटमास सबै किसिमको माटोमा उब्जाउ गर्न सकिन्छ यद्यपि यसले राम्रो निकास भएको मध्यम उर्वरक वलौटे दुमट अथवा पाँगो दुमट माटोमा राम्रो उब्जाउ दिन्छ ।

**१.५ खनजोत र जमीनको तयारी :**

भटमासको राम्रो उत्पादन लिन वर्षे बाली भित्र्याई सकेपछि साधारणतया एक/दुई पटक जमीन जोती डल्ला फोडी पाटा लगाएर माटो बुर्बुराउँदो पारिन्छ र यसलाई लगाईन्छ । लगाउँदा पानीको निकासमा पनि ध्यान दिनु पर्दछ । यद्यपी यसलाई एक्लो बाली, मकैसँग अन्तरबाली तथा धान खेतको आलीमा लगाउन सकिन्छ । यसलाई नाईट्रोजन युक्त मलले टपड्रेस गर्न आवश्यक छैन किनभने यो बालीले आफ्नो जरामा वायूमण्डलको नाईट्रोजन व्याक्टेरियाको सहायताले गिर्खाभित्र जम्मा गर्छ । यसरी जम्मा भएको नाईट्रोजन आफूले पनि प्रयोग गर्छ र त्यसपछिको अर्को बालीलाई पनि उपलब्ध हुन्छ ।

**१.६ रोप्ने समय :**

पहाडी क्षेत्रमा लगाउने स्थानको उचाई हेरी बैशाख १५ देखि जेष्ठ १५ सम्म, तराई तथा भित्री मधेशमा जेष्ठ अन्तिम हप्तादेखि असारभित्र र धान खेतको आलीमा धान रोपाई पछि श्रावण दोश्रो हप्तासम्ममा भटमास रोप्नु पर्दछ । भटमास प्रकाश सम्वेदनशील बाली भएकाले छिटो लगाइएमा बोट बढी झाँगिने र कोशा कम लाग्ने तथा धेरै ढिलो लगाइएमा बोटको बृद्धि कम भई उत्पादनमा प्रतिकुल असर पर्ने हुन्छ ।

**१.७ लगाउने विधि :**

एक्लो बाली, मकैसँग अन्तरबाली तथा धान खेतको आलीमा भटमास लगाउन सकिन्छ । ६० से.मी.को हारमा एक बोटदेखि अर्को बोटको फरक १० से.मी. कायम गरी भटमास रोप्न सकिन्छ । १ रोपनीमा २००० बोट लगाउन सकिन्छ ।

धान खेतको आलीमा १० से.मी.को फरकमा २ बोट हुने गरी भटमास रोप्नु पर्दछ ।

मकै बालीसँग अन्तरबाली खेती गर्दा १ मी. फरकको हारमा रोपिएको मकैको दुबै तर्फ २६ से.मी. छोडी हारमा भटमास रोप्दा मकैको उत्पादनमा प्रतिकुल असर नहुने र भटमासको उत्पादन अधिकतम् हुने पाईएकाले यो विधि अनुसरण गर्न राम्रो हुन्छ ।

**१.८ बिउ दर :**

एक्लो खेतीको लागि ६० कि.ग्राम बीउ प्रति हे. भए पुग्छ ।

**१.९ मलखाद :**

एक्लो बालीको रुपमा भटमास लगाउँदा ९ कि. ग्राम डि.ए.पी., ६ कि.ग्राम यूरिया, ३ कि. ग्राम म्युरेट अफ पोटास र कम्पोस्ट ६०० कि.ग्राम प्रति रोपनीको दरले जमीन तयार गर्ने बेलामा माटोमा मिसाउनु पर्दछ । मकैसँग

अन्तरबालीको रुपमा भटमास खेती गर्दा भटमासको लागि छुटै मल दिई रहनु पर्दैन।

**१.१० राईजोवियम जिवाणुबाट बीउ उपचार :**

क) एक कप पानी उमालेर चिस्याउने।

ख) ५० ग्राम जति चिनी/सख्खर घोलेर मसुरोको बीउ राम्रोसँग मोल्ने।

ग) बीउ मोली सकेपछि पुन: राईजोविएम कल्चर बीउमा छर्केर हातले मोल्ने।

घ) मोलिएको बीउलाई करिब आधा घण्टासम्म छायामा सुकाउने।

ङ) राईजोवियम कल्चर उपलब्ध हुन नसकेको खण्डमा पहिला मसुरो बालीमा लगाएको क्षेत्रको माटोसँग बीउ मोल्दा पनि फाइदा हुन्छ। परिक्षण अनुसार मसुरो बालीमा ओइलाउने रोग देखिएको थियो भने त्यस्ता जग्गामा मसुरो लगाउँदा थायराम वा वेभिस्टिन २.५ ग्राम प्रति के.जी. बीउको दरमा मिसाएर छर्नाले ओइलाउने रोगबाट बच्न सकिन्छ।

**१.११ भटमासका जातहरू:**

क) हार्डी : यसको उत्पादन क्षमता २.४ मे. टन/हे हुन्छ। बाली तयार हुन करिब १२४ दिन जति लाग्छ। यो तराई र भित्री मधेशमा सिफारिस गरिएको जात हो।

ख) रान्सम : यसको उत्पादन क्षमता १.० मे.टन/हे हुन्छ। बाली तयार हुन करिब १४५ दिन जति लाग्छ। यो मध्य पहाड र उपत्यकामा सिफारिस गरिएको जात हो।

ग) सेती : यसको उत्पादन क्षमता १.२ मे.टन/हे हुन्छ। बाली तयार हुन करिब १५० दिन जति लाग्छ। यो मध्य पहाड र उपत्यकामा सिफारिस गरिएको जात हो।

घ) कब : यसको उत्पादन क्षमता २.५ मे.टन/हे हुन्छ। बाली तयार हुन करिब १२३ दिन जति लाग्छ। यो तराई र भित्री मधेशमा सिफारिस गरिएको जात हो।

ङ) लुम्ले भटमास १ : यसको उत्पादन क्षमता १.७ मे.टन/हे हुन्छ। बाली तयार हुन करिब १३८ देखि १४७ दिन जति लाग्छ। यो ४०० मिटरदेखि १६०० मिटर उचाईसम्मको मध्य पहाडमा लगाउन सकिन्छ।

च) तरकारी भटमास १ : यसको उत्पादन क्षमता २.३ मे.टन/हे हुन्छ। बाली तयार हुन करिब १२० दिन जति लाग्छ। यो मध्य पहाडी क्षेत्र ८०० मिटरदेखि १५०० मिटरसम्म लगाउन सकिन्छ।

छ) पूजा : यसको उत्पादन क्षमता १.६ मे.टन/हे हुन्छ। बाली तयार हुन करिब १२५ दिन जति लाग्छ। यो तराई, भित्रीमधेश र मध्य पहाडमा लगाउन सकिन्छ।

**१.१२ सिँचाई गर्ने काम :**

माटोमा चिस्यानको अवस्था हेरी सिँचाई दिनुपर्दछ। यसको फुल खेल्ने बेलामा र दाना लाग्ने बेलामा कमसेकम दुई पटक सिँचाई गर्नु पर्ने हुन्छ। खेतमा लगाईएको भटमास बालीमा कमसेकम कुनै पनि किसिमबाट पानी जम्न दिनु हुँदैन अन्यथा पूरै बाली पहेँलिएर जान्छ।

**१.१३ झारपात नियन्त्रण :**

बीउ उम्रेको २०-२५ दिनमा झरपात गोडेर सफा गर्नु पर्दछ। गोडाई गर्ने स्थानमा जनशति कम हुने स्थानमा भटमास रोपेको ३ दिन भित्र लासो झारनाशक २.५ देखि ३ ली.। ४०० ली. पानीमा मिसाई छरेमा झारपात उम्रन पाउँदैन।

**१.१४ बाली भित्र्याउने काम :**

विभिन्न भेकमा असोज महिनादेखि कार्तिक महिनातिर मसुरो तयार भै सक्ने भएकाले बोटका केही कोसाहरू पहेँलिन थालेपछि बोट काट्ने गरिन्छ र केहि दिन घाममा सुकाएपछि बोट काट्ने गरिन्छ र केहि दिन घाममा सुकाएपछि (५-६ दिन)मा चुट्नको लागि तयारी हुन्छ।

**१.१५ भटमासको जात र उत्पादन :**

भटमासको जात, खेती प्रणाली र उत्पादनमा अन्तर हुने गर्दछ।

सिफारिस पूर्व जात: पी.के.३२७ र ४१६ मकै बालीसँग अन्तरबाली गर्दा १६४५ कि.ग्राम प्रति हे.औसत रुपमा उत्पादन लिन सकिने देखाएको छ। हुवाईचिन २ र सुहाइडाचुङ यी दुबै जातहरू स्थानीय सठीया जातको हाराहारीमा कोसा तयार हन्छ। सरदर ११ देखि १२ मे.टन हरियो कोसा प्रति हे.उत्पादन हुन्छ।

**२.भटमास खेतीको खर्च र आमदानीको लेखाजोखा :**

**२.१ परिचय :**

कुनै वस्तु वा तरकारी उत्पादनमा गर्दा लाग्ने कच्चापदार्थ र सम्पूर्ण खर्चलाई उत्पादन लागत भनिन्छ। धेरैजसो कृषकहरूलाई उत्पादन सामाग्रीको खर्च तथा आफ्नै स्रोतहरूका बारेमा थाहा हुँदैन। सबै खेती गर्ने किसानहरूले खेती शुरु गर्नु भन्दा पहिले आफ्नो व्यवसायलाई आम्दानीमूलक बनाउन उत्पादन गरिने वस्तुको लागत थाहा पाउनुपर्दछ तथा पूर्व जानकारीका लागि खेती गर्न लाग्ने खर्च तथा आम्दानीको हिसाब-किताब गर्नु आवश्यक हुन्छ। कति क्षेत्रफलमा के खेती गर्ने भन्ने निर्णय गरिसकेपछि त्यो खेती गर्न के कति खर्च लाग्छ यकिन गर्नुपर्छ तथा कसरी कम खर्चमा राम्रो तथा गुणस्तरीय उत्पादन गर्न सकिन्छ र सोको बढी मूल्यमा बिक्री गर्न सकिन्छ भन्ने कुराको ज्ञान हुनु जरुरी छ। कुनैपनि बालीको उत्पादन लागत थाहा भएमा निम्न वमोजिमको फाइदा हुन्छ।

-उत्पादित वस्तुको मूल्य तय गर्न सहयोग गर्दछ।

-अनावश्यक खर्च रोक्न तथा प्रति ईकाई उत्पादन खर्च घटाउन सहयोग गर्दछ।

-उत्पादन लागतले भविष्यका उत्पादन योजनाहरू बनाउन सहयोग गर्दछ।

-उत्पादन प्रत्रियामा सही निर्णय गर्न, आर्थिक लेखाजोखा राख्न, ऋण प्राप्त गर्न तथा ऋण चुक्ता गर्न समेत सहयोगी हुन्छ।

**खर्चको लेखाजोखा :**

खर्चको लेखाजोखा सँधै अद्यवधिक राख्नुपर्छ जसले तरकारी उत्पादन लागत हिसाब गर्न सहयोग गर्छ। भटमास खेतीको लागत अनुमान गर्नको लागि निम्नानुसार बुँदाहरूलाई समावेश गरी खर्चको अनुमान गर्न सकिन्छ।

- उत्पादन खर्च : ज्यामी ज्याला, कच्चापदार्थको खरिद मूल्य, ढुवानी खर्च, उत्पादनमा खपत हुने विद्युत, जग्गाभाडा, सिँचाई खर्च आदि उत्पादन खर्च अन्तर्गत पर्दछन्।
- व्यवस्थापन खर्च : कर्मचारी तलब, कागज, कलम, बोर्ड, टेलिफोन, कार्यालयमा खपत हुने विद्युत, कार्यालयमा प्रयोग हुने मेशिनरी औजार आदि खर्च व्यवस्थापन खर्च अन्तर्गत पर्दछन्।
- बिक्री खर्च : उत्पादित तरकारीको प्रचार-प्रसार, प्याकिङ्ग, लेवलिङ, बिक्रीवापत दिइने कमिशन, तरकारी ढुवानी आदि खर्च बिक्री खर्च अन्तर्गत पर्दछन्।
- अन्य खर्च : माथि उल्लेखित बाहेकका खर्चहरू जस्तै, ऋणको व्याज, अतिथि सम्मान, चियापान आदि खर्च अन्य खर्च अन्तर्गत पर्दछन्।

उत्पादन लागतले व्यवसाय सुधार्न मद्दत पुऱ्याउँछ।

- ◆ उत्पादित वस्तु/तरकारीको मूल्य तय गर्न मद्दत पुऱ्याउँछ।
- ◆ बजारमा उपलब्ध प्रतिस्पर्धी तरकारीको मूल्यमा लागत अनुसार नाफा लेखाजोखा गर्न सकिन्छ।
- ◆ उपभोक्ता कतिसम्म तिर्न तयार हुन्छन् भन्ने जानकारी लिन सकिन्छ जसले बढी नाफा लिने ठाउँ निकालिदिन्छ।



into small collectives, which are then represented by larger cooperatives. This helps avoid expensive intermediaries and improve market access. One such small collective benefitting from the FFF programme is the Sauces association. This association works with indigenous farmers from the Yuracaré and Moxeño communities in Bolivia's Northern Indigenous Territory and Isiboro Sécure National Park, abbreviated to TIPNIS from the Spanish.

Left: The Guanay region of Bolivia where the cacao industry is thriving. ©FAO. Right: René Marquez, Chocolecos project manager, using the dryer, which dehydrates the cacao beans and gets them ready for production. ©FAO

A founding member of the Sauces association in 2006, Alina Flores Roca has always lived in this area. She and other members of the TIPNIS indigenous community created the collective with the aim of selling local products at higher prices in order to improve the income of local families, especially working women.

"We are happy with the FFF programme. It was the first time that we gained access to financing as an association… it has allowed us to access resources that will allow us as women to continue improving. We already have a tree nursery. Now we want to have a [cacao bean] dryer and to continue to improve the quality of our cocoa," Alina said.

The FFF programme provides technical support and grants for both local collectives and individual farmers.

Leonardo Choque is part of the Leco indigenous peoples and Larecaja native community. In 2012, together with the Association of Cocoa Producers (Chocolecos), he started growing cacao, and he has seen an improvement in both the quality of his environment and his income.

"Through cacao, we have seen that we can protect our forest and biodiversity and help reduce global warming. Now we take care of our forest because we want our children to live well."

*"With the FFF programme, we built a model nursery for seedlings and a warehouse for our products. This helps us maintain the quality of cacao - and in recent years, it has been considered among the best in the world!"*

However, Leonardo and his community still needed equipment support and technical assistance to improve quality and productivity. The Chocolecos Association president David Piloy, also a member of Bolivia's Leco indigenous tribe, explained how FAO helped:

"With the FFF programme, we built a model nursery for seedlings and a warehouse for our products. This helps us maintain the quality of cacao - and in recent years, it has been considered among the best in the world!"

Jesús Camacho, José Luís Alfaro and Lucio Flores, tree nursery managers demonstrating how cacao trees grow in a tree nursery built with FFF funding. ©FAO

**How has the chocolate industry grown?**

In a real coup for Bolivia's chocolate industry, the Chocolecos' chocolate has won international recognition. With FAO's support, the Ministry of Foreign Affairs in Bolivia has since started a national competition to promote Bolivian cocoa. Chocolecos was among the winners of the first Cocoa and Chocolate Salon Bolivia in 2019, and went on, together with five other Bolivian producers, to represent Bolivian chocolate on the world stage at the *Salon du Chocolat 2019* in Paris.

The partnership has also facilitated access to new markets. Thanks to a deal signed between FAO and Italian food service company, Autogrill, chocolate from El Ceibo's indigenous producers can now be found on the shelves of participating Autogrill stores along highways, in airports and train stations throughout Italy.

**Putting chocolate on the national agenda**

The partnership with FAO has led to collaboration and dialogue with national and sub-national governments in Bolivia. Having a voice in government is often find difficult for indigenous and smallholder farmers to obtain. FAO collaborated with the Bolivian government and with representatives of Bolivian cacao producers to define the Cacao Production and Collection Support Programme, a national plan that aims to reinforce the systems of production. This also led to an investment by the government of USD 21.8 million. This money will strengthen cacao production across the country, benefitting 3 600 producers and boosting the production and quality of the product.

In Bolivia and in many other places across the world, indigenous communities are pillars of the agricultural sector. Empowering them to achieve their full potential through grants, access to new markets and policy dialogue is key to boosting rural livelihoods in a sustainable way, leading us one step closer to achieving the Sustainable Development Goals.

# Bolivia's sweet new industry

an estimated $6 trillion dollars every year. It is vital that this preventative information is shared far and wide among farming communities. Everyone around the globe must work together to improve farming practices.

Farmer actions can help reduce the risk of antimicrobial resistance. ©FAO/Mohammad Rakibul Hasan

There is another incentive for farmers to take action against antimicrobial resistance. Stopping AMR will also be good for business. Better hygiene in livestock, poultry and fish farming means less disease. This in turn means better growth, improved production, less money spent on medicine and better profits.

Farmers can play a key role in limiting antimicrobial resistance, but it's also up to everyone to ensure antimicrobials remain effective for as long as possible. Some of the tips relevant to farmers are important for all of us too. For example, washing hands well and practicing good hygiene stops the transfer of bacteria and viruses. And before taking any medicine, make sure that you have consulted a doctor first to ensure 1) that you really need it and 2) that you are treating the illness with the correct medicine!

We need antimicrobials to protect ourselves and our food supply. Without these treatments, people, animals and plants are at risk of suffering and dying from infections. Luckily, we can take action now to keep antimicrobials working as they should. By following simple hygiene guidelines and taking more care with the way we use antimicrobials, we can protect and ensure the efficacy of these critical medicines. Good health and well-being is one of the critical Sustainable Development Goals. Stopping AMR will keep us on track to achieving it.



*Confederation of Bolivian Producers and Collectors of Ecological Cacao (COPRACAO) and El Ceibo, which are both supported by the Forest and Farm Facility (FFF), are from indigenous communities.*

**How FAO is helping indigenous communities in Bolivia take the chocolate industry to the next level**

Bolivia's chocolate industry is thriving, thanks to indigenous and smallholder farmers growing cacao beans with support from FAO and its Forest Farm Facility partners. ©HELVETAS Bolivia

*02/12/2019*

In the Bolivian countryside an appetizing industry has taken off, bringing a sweet new business to rural communities: chocolate production.

When it comes to chocolate, Bolivia might not be the first place you think of yet - but thanks to the combined efforts of FAO, smallholder farming collectives and indigenous producers, it soon will be. Over the past five years, Bolivia's chocolate producers have been quietly racking up the achievements and gaining global recognition for the quality of their products. They are now part of the 20 best cacaos in the world and these products have increased in value on the global market.

Indigenous peoples play a key role in Bolivia's chocolate industry. Many of the local farmers and producers who make up large cacao farming cooperatives like the Confederation of Bolivian Producers and Collectors of Ecological Cacao (COPRACAO) and El Ceibo, which are both supported by the Forest and Farm Facility (FFF), are from indigenous communities. Not only do these cooperatives strengthen national recognition of indigenous famers but they also encourage a shift towards a more modern way of doing business and selling their products.

The FFF is a partnership between FAO, the International Institute for Environment and Development, the International Union for Conservation of Nature and AgriCord. This programme helps cooperatives access government funds and encourages a new mentality: local farmers working together to negotiate higher prices and boost income.

**The role of indigenous farmers**

To achieve better market prices, rural farmers organised themselves



प्रति हेक्टर (१००० वर्ग मि.) क्षेत्रफलमा
भटमास खेती गर्दा लाग्ने खर्चको विवरण :

| **१. क्र.स.** | **विवरण/कच्चापदार्थ** | **संख्या ईकाई** | **आवश्यक परिमाण** | **प्रति ईकाई मूल्य** | **जम्मा मूल्य** |
|---|---|---|---|---|---|
| १. | उत्पादन खर्च | | | | |
| १.१ | भटमास बीउ खरिद | के.जी. | ६० | ६० | ३६०० |
| १.२ | जग्गा खनजोत (पावरटिलर),घण्टा | | १ | ५०० | ५०० |
| १.३ | कम्पोस्ट मल | टन | १.२ | १०००० | १२००० |
| १.४ | रासायनिक मल | | | | |
| १.४.१ | यूरिया | के.जी. | १२० | २२ | २६४० |
| १.४.२ | डि.ए.पी | के.जी. | १८० | ३० | ५४०० |
| १.४.३ | पोटास | के.जी. | ६० | १० | ६०० |
| १.५ | सूक्ष्मतत्व तथा अन्य मल | के.जी. | १० | १०० | १००० |
| १.६ | जग्गा तयारी, मलखाद | | | | |
| | हाल्ने तथा रोपन कार्य | श्रमशक्ति | १५ | ३०० | ४५०० |
| १.७ | गोडमेल (पटक) | श्रमशक्ति | १० | ३०० | ३००० |
| १.८ | आवश्यकता अनुसार | | | | |
| | विषादी | लिटर | २.५ | | |
| १.९ | बाली भित्र्याउने | श्रमशक्ति | २० | ३०० | ६००० |
| २. | व्यवस्थापन खर्च | | | | |
| २.१ | प्राविधिक परामर्श | पटक | १ | १००० | १००० |
| ३. | बिक्री खर्च | | | | |
| ३.१ | ढुवानी खर्च | पटक | १ | १०००० | १०००० |
| ४. | अन्य खर्च | | | | २००० |
| जम्मा | | | | | रु.५२२४०/- |

**२. प्रति हेक्टर क्षेत्रफलमा भटमास उत्पादन तथा आम्दानीको विवरण :**

| क्र.सं. तरकारी बालीको नाम | ईकाई | उत्पादन (मे.टन) | दर प्रति ईकाई (रु) | कूल आम्दानी | उत्पादन लागत | खुद नाफा (रु) |
|---|---|---|---|---|---|---|
| भटमास | के.जी | २.३ | ७३ | १,६७,९०० | ५२,२४० | १,१५,६६० |
| जम्मा | | | | | | रु.१,१५,६६० |
| लागत : लाभ अनुपात | | | | | | २.२१ |

**३. व्यवसायिक भटमास खेतीका लागि आवश्यक पर्ने औजार, उपकरण तथा यिनीहरूको प्रयोग**

| क्र.सं. | औजारको नाम | औजारको काम |
|---|---|---|
| १. | फरुवा | बारी खन्ने र ड्याङ बनाउने काम |
| २. | कोदालो | भटमास रोप्नका लागि प्रयोग गरिन्छ |
| ३. | हँसिया | भटमास काट्नलाई प्रयोग गरिन्छ |
| ४. | ट्रेक्टर | व्यवसायिक खेती गर्न जमीनको खनजोत गर्न प्रयोग गरिन्छ |
| ५. | बाल्टिन | भटमासको बिउ राख्न प्रयोग हुन्छ |
| ६. | झार गोड्ने मेशिन | यो उम्रिएको झारको नियन्त्रण गर्न प्रयोग हुन्छ |
| ७. | हजारी | सिँचाई गर्न प्रयोग हुन्छ |
| ८. | सादा स्प्रेयर टंकी | किराको नियन्त्रणको लागि विषादी छर्न प्रयोग हुन्छ |
| ९. | मोटर | व्यवसायिक भटमास खेतीमा सिँचाई गर्न प्रयोग गरिन्छ |
| १०. | पम्पिङ सेट | व्यवसायिक खेती गर्दा सिँचाईको लागि विजुलीको उपलब्धता नभएको स्थानमा डिजीटलबाट सिँचाई गर्न पम्पिङ सेट प्रयोग हुन्छ |
| ११. | फिता | खेतको क्षेत्रफल यकिन गर्न तथा खेतको रेखाङ्कन गर्न फिताको प्रयोग हुन्छ |

**खर्चको रेकर्ड राख्ने तालीका :**

**बालीको नाम** : भटमास , **जात** : तरकारी भटमास १

**सन्दर्भ सामाग्री :**


आधुनिक कृषि प्रविधि,
प्रदीप कुमार ठाकुर, तेस्रो संस्करण ।
कृषि डायरी, २०७१ ।
तरकारी खेती प्रविधि,
कृषि विकास मन्त्रालय, २०६८ ।



पेपिनो मेलोन खाऔं
स्वास्थ रहौं

मधुमेह, मृगौला, कलेजो, क्यान्सर, हृदयघाट, उच्च रक्तचाप, रक्त अल्पता पेट दुख्ने, अपज, खानाको अरुची हुनेहरूका लागि फाइदाजनक फल पेपिनो मेलोन खाऔं ।

उत्पादक
कृषि सूचना तथा सञ्चार
प्रविधि प्रकाशन प्रा.लि.

# राष्ट्रिय कृषि–वन नीति २०७६



*गाउँमा रोजगारको सीमित अवसर भएकाले युवाहरू शहर र अन्य देशमा जान वाध्य भएका छन् । न्यून् पारिश्रममा आधारित कृषि-वन प्रणालीले विशेष गरी महिलाहरूको दैनिक क्रयाकलापमा सहजता ल्याई स्वरोजगारका अवसरहरू सिर्जना गर्ने सम्भावना छ ।*

**१. पृष्ठभूमि**

कृषि, पशुपालन र वनका क्रियाकलापहरूलाई भूमिको एउटै ईकाईमा एकीकृत रुपले अभ्यास गर्ने प्रणाली नै कृषि-वन प्रणाली हो । नेपालको अर्थतन्त्रमा कृषि, पशुपालन र वन क्षेत्रले महत्वपूर्ण योगदान गरेको छ ।

खाली तथा बाँझो जमीन, वन्यजन्तु प्रभावित क्षेत्र तथा अन्य सीमान्तकृत भूमिको उपयोग गर्नुका साथै कृषि, पशुपालन र वन विकासका कार्यहरूलाई एकीकृत रुपमा कृषि-वन प्रणाली माफर्त सञ्चालन गर्दा ति ईकाई जमीनको उत्पादकत्वमा बिक्री भई खाद्य सुरक्षा, रोजगारी,जीविकोपार्जनका अवसरहरूको सिर्जना, जैविक विविधता तथा भूमिको संरक्षण, जलवायु परिवर्तनको नकारात्मक प्रभावहरूको न्यूनीकरण र अनकूलनमा सकारात्मक योगदान पग्ने प्रचुर सम्भावना छ ।

नेपालमा कृषि-वनको विभिन्न रुपमा संयुक्त अभ्यास गर्ने प्रणाली परम्परागत रुपमा हुँदै आएको छ । रुख सँग-सँगै कृषिजन्य बाली लगाउने कार्यको शुरुवात सन् १९७२ मा बारा जिल्लाको तामागढीबाट भई तराईका केही जिल्लाहरूमा विस्तारको प्रयास भएको थियो ।

कबुलियती वन क्षेत्रमा उपभोक्ता समूहका सदस्यहरूको जीविकोपार्जन सुधार, निजी वन विकास, कृषि भूमिमा घाँस र डालेघाँस विकास, निजी जग्गामा फलफूल, अन्नबाली, तरकारी र मसला बाली विकास आदिका लागि बीउ विरुवा र प्राविधिक सहयोग कृषि र वनका विभिन्न निकायहरूबाट उपलब्ध हुँदै आएको छ ।

आधुनिकीकरण परियोजना मार्फत केही जिल्लाहरूमा कृषि-वन विकासको व्यवस्था गरिएको छ । वन क्षेत्रको रणनीति, २०१६-२०२५ ले राष्ट्रिय कृषि-वन नीति २०७६ सुझाएका प्रमुख कार्यक्रमहरूमा निजी वनको व्यवस्थापन गर्नु उल्लेख गरिएको छ । यस अन्तर्गत कृषि क्षेत्र भित्र रुख जातिहरूको वितरणका लागि सहुलियत पूण ऋण, अनुदान तथा करछुटको अतिरिक्त बजारको व्यवस्था गर्ने सोच लिएको छ ।

कृषि विकास रणनीति, २०७१ ले कृषिभूमिको एकीकृत व्यवस्थापन गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न कृषि-वन प्रणालीलाई जोड दिएको छ । फलफूल लगायतको कृषि-वन विकास, विस्तार र प्रर्वद्धन गरि यसलाई आथिक उपार्जनको माध्यम बनाउन यस क्षेत्रमा सहुलियत ऋण उपलब्ध गराउने, प्रविधि हस्तान्तरण गर्नु, जग्गा धनीको क्षमता अभिवृद्धि गर्न, कृषि-वनमा आधारित उपसमूहरूको प्रवर्द्धन र विस्तार गर्नु नीतिगत व्यवस्था सहित राष्ट्रिय वन नीति, २०७५ तर्जुमा भएको छ । विगतमा सञ्चालित चुरे र तराईका लागि जैविक विविधता क्षेत्र कार्यक्रम, जीविकोपार्जनका लागि वन कार्यक्रम जडिबुटी उत्पादन कार्यक्रम तथा कृषि-वन र सामूदायिक वन मार्फत जीविकोपार्जन र खाद्य सुरक्षा कार्यक्रम आदिले प्रत्यक्ष र परोक्ष रुपमा कृषि-वन विकासको अनुसन्धान, प्रचार प्रसार र विस्तारमा सहयोग पुऱ्याएका थिए । हाल निजी आवादी भित्रको कृषि क्षेत्रमा रुख जातिहरू लगाई वन विकास गर्न नर्सरीमा बिरुवा उत्पादन, वितरण र प्राविधिक सेवा उपलब्ध हुँदै आएको छ ।

**२. समस्या तथा चुनौतीहरू :**

कृषि-वन विकासको लागि कृषिमा औषत परिवारहरूको न्यून् भू-स्वामित्व, मझौला र साना किसानहरूको बाहुल्यता निर्वाहमूखी खेती प्रणाली, उन्नत प्रविधिको अपर्याप्ता, प्राविधिक धानको कमी आदिले समस्या सिर्जना गरेका छन् । कृषि योग्य जमीनको उपयोगमा हुने अधिक राष्ट्रिय कृषि-वन नीति, २०७६ खर्च, ज्यामीको अभाव र युवाहरूको पलायनको कारणले कृषि योग्य जमिनहरू बाँझै रहने प्रवृति बढेको छ । प्रतिव्यक्ति कृषि भूमिको उपलब्धता निरन्तर घट्दै गएकोले नेपालका कृषकहरूको खाद्य तथा पोषण सुरक्षा र जीविकोपार्जनमा समेत समस्या भएको देखिन्छ ।

कृषि वन प्रणालीबाट उत्पादित वस्तु र सेवाहरूको आकर्षक मूल्य सहितको बजार व्यवस्था नहुनाले यसको प्रभावकारी विस्तार भएको छैन । कृषि-वन प्रणालीको लागि स्थानीय विशेष उपयुक्त प्रणालीको छनौंट तथा प्रणाली विशेष प्रजातिहरूको बारेमा अध्ययन अनुसन्धान र प्रचार प्रसारको कमीका अतिरिक्त आवश्यक बीउ, बिरुवा, प्राविधिक तथा आर्थिक सहयोग अपेक्षित रुपमा नहुनु पनि समस्याका रुपमा रहेका छन् ।

वन र संरक्षित क्षेत्रसँग जोडिएका कृषि आवादी क्षेत्रको संरक्षण, विकास र प्रवर्द्धनमा ठूलो समस्या र चुनौती सिर्जना भएका छन् । यी क्षेत्रहरूमा उपयुक्त प्रजाति सहितको कृषि-वन विकास गर्ने अवसर समेत सिर्जना भएको छ । साना कृषकहरूको जीविकोपार्जनमा सुधार, खाद्य पोषण र ईन्धन सुरक्षा चुनौंतीपूर्ण छ । ग्रामीण क्षेत्रका महिलाहरू अझैपनि कठिन

कर्म गर्न र बोझ बोक्न वाध्य छन् । गाउँमा रोजगारको सीमित अवसर भएकाले युवाहरू शहर र अन्य देशमा जान वाध्य भएका छन् । न्यून् पारिश्रममा आधारित कृषि-वन प्रणालीले विशेष गरी महिलाहरूको दैनिक क्रयाकलापमा सहजता ल्याई स्वरोजगारका अवसरहरू सिर्जना गर्ने सम्भावना छ । नेपालको वनक्षेत्र बाहिर मात्र पाइने केही रुख प्रजातिहरूको ओसारपसार र बिक्री वितरणमा हालै केही सहजता भए पनि नीजि आवादी क्षेत्रमा उत्पादित सबै वन पैदावारहरूको स्वतन्त्र ओसार पसार र बिक्री वितरणमा अझै असहजता रहेको हुँदा कृषि



# Healthy animals, happy farmers

**How farmers play a vital role in combatting the growing effects of antimicrobial resistance**

Antimicrobial resistance is a problem not just in our hospitals, but on our farms and for the safety of our food, too. ©FAO/Hoang Dinh Nam.

*18/11/2019*

When you get sick, your first thought might be to get antibiotics from your doctor. However, what you may not realise is that this seemingly small decision can have huge consequences on the health of both your specific community and society as a whole. The misuse and overuse of antimicrobials, including antibiotics, is causing a growing problem called antimicrobial resistance (AMR). AMR can lead to the failure of our most important medicines. It is estimated that infections caused by resistant germs kill one person every minute. Without global action, this number is set to rise.

Every time we use antimicrobials to treat infections - in people, animals and plants - these germs have a chance to adapt to the treatment, making those medicines less effective over time. This means that if antimicrobials are used too frequently, the germs causing the infection may become resistant to the treatment and these antimicrobials will no longer work. To add to the problem, these resistant germs can cross borders and continents, spreading between people, animals and the environment. This can result in contamination our food systems and market chains, moving from farms to our tables. Because of this, the world's farmers have a key role in fighting AMR.

Changes in agricultural practices are key to reducing the risk of antimicrobial resistance. ©FAO/ Luis Tato

*It is also very important that farm animals are vaccinated to prevent disease. Farmers should always consult with veterinary experts to ensure all animals are protected to reduce the need for antimicrobials.*



There are simple ways that farmers can take action and keep antimicrobials working, thus keeping animals and people healthy:

**Reduce the risk of spreading germs**

One of the key ways to stop germs from spreading is, of course, cleanliness. Farmers must wash their hands, shoes and clothing before and after contact with animals and make sure that they clear away manure and litter often.

When an animal gets sick, farmers should separate it from the rest of the animals to help prevent the infection from spreading. Farmers should practice an "all-in and all-out" approach. This means breeding, weaning and raising animals together in groups, emptying animal housing completely whenever animal groups are moved and cleaning and disinfecting housing thoroughly before introducing new animals.

**Nutrition and health**

An essential way to help animals stay healthy is by ensuring they have good nutrition. Water should always be clean, and animal feed should be kept dry and stored safely away from potential sources of germs, such as rodents, birds, insects or other animals.

It is also very important that farm animals are vaccinated to prevent disease. Farmers should always consult with veterinary experts to ensure all animals are protected to reduce the need for antimicrobials. If animals fall ill, it is vital to get the correct diagnosis and treatment. Buying and using the wrong medicine puts the health of farmers, their families and the animals at risk. Using the wrong antimicrobials is also a waste of time and money.

**Spread the word-not germs!**

Farmers are losing their animals to disease, which is putting the food security of millions of people at risk. Unless we act now, by 2050, AMR will cost the global economy.

# IFAD and Nepal to review progress in reducing rural poverty

**Kathmandu, 9 December 2019-** The Independent Office of Evaluation of the International Fund for Agricultural Development (IFAD) and the Government of Nepal are holding a one-day workshop to share the findings of an independent evaluation of IFAD's operations in Nepal over the last seven years (2013-2019).



Discussions will address the key issues and strategic priorities to be included in IFAD's new strategy for Nepal that will promote development effectiveness, with the aim of supporting smallholder agriculture, rural transformation and eradicating rural poverty in the country.

Workshop participants will also explore how IFAD can best support Nepal in connecting remote rural households and communities to markets, and overall, how rural development project implementation efficiency can be improved.

Government representatives, development partners, civil society organizations, private sector partners, national project staff, and IFAD management will attend the workshop.

- **What:** National Workshop to present the **Country Strategy and Programme Evaluation of IFAD's operations in Nepal.** Co-organized by the **Government of Nepal** and IFAD's Independent Office of Evaluation, in close collaboration with IFAD's Asia and the Pacific Division.
- **When:** Thursday 19 December 2019, 8:30-16:40
- **Where:** Himalaya Hotel, Kathmandu, Nepal

**Note to editors:**

Media are welcome to attend the national workshop. Please contact Norah De Falco (n.defalco@ifad.org) for accreditation.

The following members of the IFAD delegation will be available for media interviews:

- **Donal Brown**, Associate Vice-President, Programme Management Department, IFAD;
- **Nigel Brett,** Director, Asia and the Pacific Division, IFAD;
- **Oscar Garcia,** Director of the Independent Office of Evaluation of IFAD;
- **Fabrizio Felloni,** Deputy Director of the Independent Office of Evaluation of IFAD;
- **Tarek Kotb,** Country Programme Manager, Asia and the Pacific Division, IFAD.

**For more information or to schedule an interview:**

*MA/20/2019*

***IFAD** invests in rural people, empowering them to reduce poverty, increase food security, improve nutrition and strengthen resilience. Since 1978, we have provided US$21.5 billion in grants and low-interest loans to projects that have reached about 491 million people. IFAD is an international financial institution and a United Nations specialized agency based in Rome – the United Nations' food and agriculture hub.*

***About the Independent Office of Evaluation (IOE):** IOE conducts evaluations of IFAD-financed policies, strategies and operations to promote accountability and learning. The main purpose is to contribute to improving IFAD's and its partners' performance in reducing rural poverty in recipient countries. IOE's independent evaluations assess the impact of IFAD-funded activities and give an analysis of successes and shortcomings-to tell it the way it is-as well as identify factors affecting performance. Based on the key insights and recommendations drawn from evaluation findings, IOE also communicates and shares IFAD's knowledge and experience in agriculture and rural development with a wider audience.*

**Norah de Falco**
Communication Specialist,
Independent Office of Evaluation
Tel. +39 06 5459 2786
Email: n.defalco@ifad.org



३. नयाँ नीतिको आवश्यकता विभिन्न कानून, नीति र रणनीतिहरूले खेतबारीमा रुख लगाउन, काट्न र ओसारपसार गर्नु काममा अस्पष्ता सिर्जना गरेको देखिन्छ। स्पष्ट

नीतिका अभावले गर्दा स्वतन्त्र रुपमा वृक्ष एवं कृषि-वनका गैह्र-कानूनी वन पैदावारहरू ओसारपसारमा समस्या भएको छ। सबै सरोकारवालाहरूको समन्वय र नीति तथा कार्यक्रमहरूको समन्वय र सहकार्य गरी देशमा व्यापक रुपमा कृषि-वन प्रर्वद्धन गर्न उपयुक्त प्रणालीको सिर्जना गर्न जरुरी भैसकेको छ।, कृषि-वनक्षेत्रमा प्रभावकारी अनुसन्धान गन, विभिन्न परिस्थितिकीय क्षेत्रको लागि कृषि-वनका नमूनाहरूको विकास र प्रसार गर्न, तथा यसको लागि प्राविधिक सहयोग प्रदान गरी कृषकहरूको जीविकोपार्जन सुधारका कार्यहरूलाई परिणाममूखी बनाउन नीतिगत स्पष्ता आवश्यक छ। यस्तो नीतिगत व्यवस्थाबाट गुणस्तरीय बीउ र बिरुवाको उपलब्धता, विभिन्न कृषि-वन प्रणालीहरूको समूचित अभ्यास, मूल्य श्रृँङ्खला र बजार सम्पर्कको विकास तथा कृषि-वन पैदावारमा आधारित उद्योगहरूको स्थापना तथा प्रर्वद्धन जस्ता कार्यहरू सहज हुने अपेक्षा गर्न सकिन्छ। साथै कृषि-वन प्रणालीमा आवद्ध कृषकहरूमा ऋृण र बिमाको उपलब्धता, रुख धितो राखेर पनि ऋृण लिने व्यवस्था लगायतका कृषि-वन प्रविधिका विभिन्न सवालहरूलाई सम्वोधन गरी उल्लेखित समस्या र चुनौंतीहरू प्रभावकारी रुपमा हल गर्न समेत कृषि-वन नीतिको आवश्यकता रहेको छ।

**४. दूरदृष्टि :**

कृषि-वन प्रणालीको विकास, विस्तार र व्यवसायिकरण गरी राष्ट्रिय समृद्धिमा योगदान पऱ्याउने।

**५. उद्देश्यहरू :**

यो नीतिका उद्देश्यहरू देहाय वमोजिम रहेका छन।

५.१ भूमिको उत्पादकत्व वृद्धि र वहुगुणात्मक उपयोग गरी कृषि, पशु तथा वनजन्य पैदावारहरूको उत्पादन बढाउने, ५.२ वन माथिको चाप कम गरि वातावरण तथा जैविक विविधता संरक्षण, माटोको गुणस्तरीयता कायम र जलबायु उत्थानशील पर्यावरण प्रणाली विकास गर्नु,

५.३ कृषि-वनको सघन रुपमा प्रवर्द्धन गरी स्थानीय समूदायको खाद्य सरक्षाका साथै जीविकोपार्जन, रोजगारी र आयआर्जनका अवसरहरू सिर्जना गर्ने, ५.४ कृषि-वनमा लगानीका अवसरहरू जुटाई व्यवसायिकरण मार्फत अर्थतन्त्रमा योगदान पुऱ्याउने,

५.५ कृषि-वन विषयमा अध्ययन, अनुसन्धान र क्षमता अभिवृद्धि गर्न।

६. नीति र रणनीतिहरू :

उल्लेखित देहाय र उद्देश्यहरू लागु गर्नको लागि देहायका नीति तथा रणनीतिहरू अबलम्वन गरिनेछन्।

६.१ कृषि-वन प्रणालीको व्यवसायिक र सामूहिक खेती प्रणालीलाई प्राथमिकता र प्रोत्साहन गरिनेछ।

६.१.१ प्राकृतिक वन जंगल नभएका वा कम भएका स्थानीयतहहरूमा कृषि-वन प्रणालीको विकास, विस्तार र प्रवर्द्धनका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिने छन्।

६.१.२ कृषि-वन प्रणालीको विकास, विस्तार र व्यवसायिकरण गर्न संघ, प्रदेश र स्थानीय तहका साथै निजी, सामूदायिक र सहकारी क्षेत्रलाई समेत परिचालन गरिनेछ।

६.१.३ कृषि-वन व्यवसायिकरणमा निजी एवं सहकारी क्षेत्रलाई आकर्षित गरिनेछ।

६.१.४ व्यवसायिक र सामूहिक कृषि-वन प्रणालीको लागि आवश्यक बाटो, सिँचाई, औजार, उपकरण, प्रविधि लगायतका सुविधाहरू उपलब्ध हुने व्यवस्था मिलाइनेछ।

६.१.५ कृषि-वन प्रणालीबाट उत्पादित वन पैदावारहरूको ओसारपसार र बिक्री वितरणमा सहजीकरण गरिनेछ।

६.२ कृषि-वन अनुसन्धान मूल्य श्रृँङ्खला र कृषकको बजार पहुँचमा सरलीकरण गरिनेछ।

६.२.१ कृषि-वन पैदावारको प्रारम्भिक र प्रशोधित वस्तुको मूल्य श्रृँङ्खला अभिवृद्धिको अध्ययन एवं व्यवसायिक योजना तयार गर्न सहजीकरण गरिने छ।

६.२.२ तरकारी फलफूल लगायतका सहकारी, हाट बजार, कृषि-वन पैदावारको बजार पूर्वाधार स्थापना गरी कृषि-वन पैदावारको बिक्री वितरणको विकास र विस्तार गरिनेछ।

६.२.३ प्राकृतिक वनहरूको कुल उत्पादकत्व बढाउन जडीबुटी र अन्य गैह्र-काष्ठ वन पैदावार दिने जाति रोपण गरी वहुमूल्य ( मल्टी टाइप) वनको विकास गरिनेछ।

६.३ कृषि-वनको उत्पादनमा आधारित उद्यम तथा बजार व्यवस्थाको प्रर्वद्धन गरिनेछ।

६.३.१ कृषि-वन प्रणालीलाई उद्यमको रुपमा पहिचान गरि विकास र विस्तार गरिनेछ।

६.३.२ स्थानीय कृषि-वनमा उत्पादित वस्तु प्रयोग गर्नु उद्योगहरू स्थापना र उत्पादित वस्तुको बजारीकरण गर्नु प्राविधिक सहयोग लगायतका विषयहरूमा सहयोग तथा प्रोत्साहन गरिनेछ।

६.३.३ कृषि-वनबाट उत्पादित कच्चा पदार्थहरूको बजार सूचना तथा जानकारीको लागि उपयुक्त विधि मार्फत सहजीकरण गरिनेछ।

६.४ कृषि-वन क्षेत्रमा विशेष प्रोत्साहन प्रदान गरिनेछ।

६.४.१ कृषि-वनको लागि ऋृण र बिमा सहयोगको लागि आवश्यक व्यवस्था मिलाइनेछ। रुख धितो राखेर पनि ऋृण लिन सकिने व्यवस्था गरिनेछ।

६.४.२ प्राकृतिक प्रकोपको कारणले कृषि-वनमा क्षति पुगेको अवस्थामा सोको लागि लिएको ऋृण र व्याजमा उचित राहत प्रदान गरिनेछ।

६.४.३ कृषि-वनको प्रोत्साहनका लागि मलमा अनुदान, कम व्याजमा सहुलियत ऋृण, बाली तयार नभईञ्जेलसम्म लिएको ऋृणमा व्याज राष्ट्रिय कृषि-वन नीति २०७६ मिनाह र प्राकृतिक प्रकोपको समयमा ऋृणको व्याजमा मिनाह जस्ता विषयमा आवश्यक व्यवस्था गरिनेछ।

६.४.४ कृषि-वन मोडेलका लागि सिफारिस गरिएका प्रजातिहरूको गुणस्तरीय बिरुवा उत्पादन र वितरणको व्यवस्था मिलाइनेछ।

६.५ खाली, बाँझो, प्रती तथा सीमान्तकृत जग्गाहरूमा कृषि-वन प्रणालीलाई प्राथमिकता दिइनेछ।

६.५.१ कृषि-वन प्रणालीको लागि सम्भाव्य क्षेत्रहरूको पहिचान र प्राथमिकीकरण गरिनेछ।

६.५.२ स्थान विशेष कृषि-वन मोडेलहरूको परिक्षण र सिफारिस गरिनेछ।

६.५.३ कृषि-वन प्रणाली अनुपयुक्त उपयुक्त प्रजातिहरूको छनौंट, परिक्षण तथा सिफारिस गरिनेछ।

६.५.४ कृषि-वन प्रणालीको दर्ता गर्ने व्यवस्था मिलाइने छ।

६.५.५ कृषि-वन प्रणालीको व्यवस्थापन सूचना प्रणाली स्थापना गरिनेछ।

६.५.६ कृषि-वन प्रणालीको प्रर्वद्धनको लागि रणनीतिक योजना, कार्यविधी र मापदण्ड बनाई लागु गरिनेछ।

६.६ उपयुक्तताका आधारमा स्थान विशेष कृषि-वन मोडेलहरूका विकास र प्रर्वद्धन गरिनेछ।

६.६.१ तराई र समथर भू-भागमा अन्न, दलहन तथा तेलहन बालीमा आधारित, क्षेत्र लगायत संवेदनशील भिरालो भू-क्षेत्रहरूमा रुखमा आधारित, मध्य पहाडी क्षेत्रमा फलफूलका रुख प्रजातिमा आधारित, उच्च पहाडि र उच्च हिमाली क्षेत्रमा जडिबुटीमा आधारित, ताल तलैया र पानीका तालहरू भएको क्षेत्रमा मत्स्यपालनमा आधारित, खेती नहुने पहाडि क्षेत्रहरूमा पशुपालनमा आधारित कृषि-वन प्रणालीलाई जोड दिइनेछ।

६.६.२ बाँझो कृषियोग्य जमीनको लागि स्थान सहाउँदो कम ज्यामी लाग्ने कृषि-वन प्रणालीहरूको ढाँचा विकास र विस्तार गरिनेछ।

६.६.३ निजी र कवुलियती वनभित्र वनको हैसियतमा असर नपर्ने गरी चिया, कफी जस्ता वहुवर्षीय नगदे बाली तथा फलफूलका बिरुवाहरू लगाउने व्यवस्था मिलाइनेछ।

६.६.४ नदी किनार कटानी नियन्त्रण, भू-क्षय नियन्त्रण र बाढी पहिरोको प्रकोप घटाउन सम्भावित कृषि-वनको पहिचान गरि कार्यक्रम कार्यन्वयन गरिनेछ।

६.६.५ मानव र वन्यजन्तु बीचको द्वन्द्व न्यूनिकरण गर्ने खालको कृषि-वन प्रणालीको ढाँचा विकास गरि आवश्यक क्षेत्रमा विस्तार गरिनेछ।

६.६.६ हैसियत वमोजिमको र खाली वन क्षेत्र भित्र फलफूलजन्य स्थानीय रुखका प्रजातिहरू लगाउने अभियान सञ्चालन गरिनेछ।

६.७ कृषि-वन प्रणालीको अध्ययन, अनुसन्धान, प्रचार प्रसार र क्षमता विकासमा प्राथमिकता दिइनेछ।

६.७.१ अध्ययन, अनुसन्धान र परिवर्तनलाई कृषि-वन कार्यक्रमको अभिन्न अङ्गको रुपमा विकास गरिनेछ।

६.७.२ कृषि-वन प्रणाली अबलम्वन गर्न चाहने व्यक्ति, कृषक, संघ, संस्था, समूह, सहकारीहरूलाई तालिम, प्रशिक्षण तथा प्राविधिक सेवा उपलब्ध गराइने छ।

६.७.३ कृषि-वन विषयमा उच्च शिक्षा हासिल गर्न चाहने कर्मचारी र प्राविधिकलाई आवश्यक सहयोग र सहुलियत प्रदान गरिनेछ।

६.७.४ कृषि-वन प्रणाली सम्बन्धी जनचेतना अभिवृद्धि गरिनेछ।

६.८ राष्ट्रिय, प्रादेशिक र स्थानीय गरी तिनै तहमा कृषि-वन योजना, वजेट र कार्यक्रम संयोजन तथा अनुगमन मूल्याङ्कन गर्ने प्रणालीको विकास गरिनेछ।

६.८.१ यस नीति अनुसार सरकारको तीनवटै तहमा कृषि-वन कार्यक्रम सञ्चालित हुनेछन्। प्रदेश र स्थानीय तहमा आवश्यक नीति, निर्देशिका बनाउन कृषि-वन अन्तर मन्त्रालय समन्वय समितिले आवश्यक समन्वय गर्नेछ।

६.८.२ यसको अनुगमन संघ, प्रदेश र स्थानीय तहबाट हुने व्यवस्था मिलाइनेछ।

७. संस्थागत संरचना :

७.१ कृषि-वन नीति कार्यन्वयन गर्न नेपाल सरकारले केन्द्रमा कृषि-वन अन्तर मन्त्रालय समन्वय समिति (Agro forestry InterMinisterial Coordination Committee, AFIMCC)को व्यवस्था गर्नेछ।

कृषि-वन अन्तर मन्त्रालय समन्वय समितिको गठन निम्नानुसार हुनेछ।

क) कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव संयोजक

ख) वन तथा वातावरण मन्त्रालयका सह-सचिव (योजना) सदस्य

ग) रष्ट्रिय योजना आयोगको कृषि-वन फोकल अधिकृत सदस्य

घ) कृषि तथा पशुपन्छी विकास मन्त्रालयको कृषि-वन फोकल अधिकृत सदस्य

ङ) वन तथा वातावरण मन्त्रालयका कृषि-वन फोकल अधिकृत सदस्य

च) नेपाल कृषि अनुसन्धान परिषद् र सम्बन्धित विश्वविद्यालयका प्रतिनिधी (२ जना) सदस्य

छ) किसान समूह, सहकारी सञ्जाल र वन उपभोक्ता समूहको महासंघका प्रतिनिधी (२ जना) सदस्य

ज) कृषि-वन नीति निर्माण एवं कार्यन्वयन गर्ने मन्त्रालयहरूसँग सहकार्य गरेको संस्था सदस्य यस नीतिको भावना र मर्म अनकूल हुनेगरी प्रदेश र स्थानीय तहहरूले स्थानीय आवश्यकताको आधारमा आवश्यक संस्थागत व्यवस्था गरी यस नीतिको कार्यन्वयन गर्ने छन्।

७.२ समितिको काम कर्तव्य देहाय वमोजिम हुनेछन्।

७.२.१ कृषि-वनको अनुसन्धान, विकास, प्रचार प्रसार, क्षमता अभिवृद्धि, आर्थिक र प्रशासनिक सवालमा जवाफदेहिता कायम गर्ने र स्थानीय, प्रदेश तह र नेपाल सरकार एवं अन्य सरोकारवालाहरूलाई समन्वय, सहकार्य एवं सहभागीता प्रदान गर्ने।

७.२.२ राष्ट्रिय कृषि-वन नीति कार्यन्वयन, अनुगमन तथा मल्याङ्कनको नेतृत्वदायी भूमिका कृषि तथा पशुपन्छी विकास मन्त्रालयले निर्वाह गर्ने तथा समितिले यस नीति कार्यन्वयन गर्न कार्यक्रम प्राथमिकीकरणको लागि समस्या पहिचान, रणनीति निर्माण, समन्वय, क्षमता अभिवृद्धि, आर्थिक स्रोत पहिचान एवं परिचालन, अनुगमन तथा मूल्याङ्कन र व्यवस्थापकीय सहयोग प्रदान गर्ने।

७.२.३ यस नीतिसँग सम्बन्धित कृषि तथा पशुपन्छी विकास मन्त्रालय र वन तथा वातावरण मन्त्रालयहरूमा कृषि-वन अन्तर मन्त्रालय समन्वय समितिसँग समन्वय एवं कृषि-वन नीति कार्यक्रम कार्यन्वयन भूमिकाको लागि एक कृषि-वनको फोकल अधिकृत रहने।

७.२.४ नीति कार्यन्वयन गर्दा हैसियत वमोजिमको वन क्षेत्र, कृषि-वन क्षेत्र र बाँझो अर्ध बाँझो कृषियोग्य जमीनमा संगठित युवा, महिला, कृषक, थोरै जमीन भएका कृषक र दलित कृषकहरूको आवश्यकतालाई पनि ध्यानमा राखी उपयुक्त अनुदानको व्यवस्था मिलाउने।

७.२.५ कृषि-वन नीति कार्यन्वयनका कृयाकलापहरूको अनुगमन तथा मूल्याङ्कन कृषि-वन अन्तर मन्त्रालय समन्वय समितिले नियमत रुपमा गर्नेछ। साथै संघ, प्रदेश र स्थानीय गरी तीनैतहबाट समेत कृषि-वन सम्बन्धी क्रियाकलाप र उपलब्धिको अनुगमन तथा मूल्याङ्कन गर्ने संयन्त्रको विकास गरिने छ।

**८. आर्थिक दायित्व :**

८.१ कृषि-वन कार्यक्रम प्रभावकारी रुपमा कार्यन्वयन गर्न नेपाल सरकार, प्रदेश र स्थानीय तहबाट वार्षिक रुपमा आवश्यक वजेट तथा कायक्रम व्यवस्था गरिनेछ।

८.२ राष्ट्रिय, प्रादेशिक र स्थानीय स्तरमा कृषि-वन कायक्रमलाई प्राथमिकतामा राखी वजेट कार्यक्रमको कार्यन्वयन गरिने छ।

८.३ कृषि-वन अन्तर मन्त्रालय समन्वय समितिले राष्ट्रिय र अन्तर्राष्ट्रिय साझेदार संघ-संस्थाहरूसँग सहकार्य गरि यो नीति कार्यन्वयनको लागि स्रोत जटाउनु अर्थ मन्त्रालयसँगको समन्वयमा आवश्यक सहजीकरण गर्न सक्नेछ।

९. कानूनी व्यवस्था

९.१ कृषि-वन नीति कार्यन्वयन पूर्णत यससँग सम्बन्धित अन्य नीति, नियमावली, निर्देशिका र रणनीतिहरू यसै नीति अनुरुप परिमार्जित गरिनेछन्।

९.२ यस नीतिको प्रभावकारी कार्यन्वयनको लागि आवश्यकता अनुसार ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्डहरूको व्यवस्था गरिनेछ।

१०. नीतिको पुनरावलोकन



४ दिन यसै राख्ने ४ दिन पछि पूर्वबाट पश्चिम तिर फर्काउने र ८ दिनमा घाना जीवामृत तयार हुन्छ।

यो स्टोर गरेर ६ महिनासम्म प्रयोग गर्न सकिन्छ।

माटोलाई चिस्यान कसरी राख्ने ?

१ माथिबाट माटोले छोपेर

२ बिरुवा लगाएको ठाउँमा ती लडाएर छोडेर

३ सुकेका झारपातले छोपेर

विषेश गरि वर्षात्को समय पश्चात् चिसो जमीनमाथि माथिको यी विधिबाट माटोको चिस्यान कायम राख्न सकिन्छ।

**बाली उपचार विधि :**

अग्नीअश्त्र बनाउने तरिका

२० लिटर गाईको गहुँत

आधा के.जी सूर्तीको धुलो

आधा के.जी लसुनको पेस्ट

आधा के.जी खुर्शानीको पेस्ट

दुई के.जी निमको पत्ता पिसेको

सानो आगोमा एउटा डेक्ची बसाउने सर्वप्रथम गाईको गहुँत हाल्ने त्यसपछि नीमको पत्ताको धुलो राख्ने अनि लसुनको पेस्ट र खुर्शानीको धुलो राख्ने मजाले चलाउने अनि-सानो आगोमा मजाले पकाउने अनि छानेर स्टोर गरेर राख्ने। यो ६ महिनसम्म मात्र प्रयोग गर्न सकिन्छ। यो १०० लिटर पानीमा ६ लिटर अग्निअश्त्रको झोल हालेर मिक्स गरी आधा हेक्टर जमीनमा प्रयोग गर्न सकिन्छ। जब बालीको पातमा किरा देखिन शुरु गर्छ यो बनाउन शुरु गर्नु पर्दछ। यो उपचार विधि किराको लागि मात्र हो।

**निमाअश्त्र :**

यो पनि बाली उपचारको एउटा पद्धति हो। यसमा

२०० लिटर पानी

१० लिटर गहुँत

२ के.जी गाईको गोबर

१० के.जी निम पत्ता पिसेको

एउटा ड्रम ल्याउने पहिला पानी हाल्ने अनि निमको पत्ता हाल्ने अनि गाईको गहुँत हाल्ने अनि गोबर राख्ने अनि दाहिनेबाट १५ देखि २० पल्ट चलाउने। यो पनि ६ महिनासम्म प्रयोग गर्न सकिन्छ। यसमा पनि १०० लिटर पानीमा ६ लिटर निमाश्त्र हालेर प्रयोग गर्न सकिन्छ। यो तयार पारेको ४८ घण्टा पछि छानेर प्रयोग गर्न सकिन्छ। यो विशेषगरि ढुसी लागेको बालीमा स्प्रे गरेर त्यसबाट छुटकारा पाउन सकिन्छ।

२२-३६ प्रतिशत कन्ट्रोल हुनु पर्छ भनेर ६ नै प्रतिशत भन्दा फरक हुन नहुने गरी व्याजदर निर्धारण गरेका हौं। अहिले पुनरावलोकन हुने स्थिति छैन। हामीले मान्दैनौं भन्यो भने थोरै पूँजी लिएर बसेको साथिहरू जो धितो राख्ने र आफैलाई प्रशासनिक जिम्मा दिने, स्थानीय तहकाले हस्तक्षेप गऱ्यो नभन्नु होला।

भूमि तथा सहकारी गरिबी निवारण मन्त्रालयका सचिव श्री प्रसाद कोइरालाले दफा ५१ को समितिले रजिष्ट्रार मार्फत विभागले तोक्छ। ११ सदस्यीय सन्दर्भ व्याज तोक्ने मध्ये ६ सदस्य सहकारीबाटै आएको प्रतिनिधीहरूबाटै तोकिएको छ।

*सहकारी अभियान व्यक्तिगत अभियान होइन सबैको साझा अभियान हो। यो मुलुक समृद्ध बनाउन अभियान हो। सहकारीको यो निर्णय नर्कान मिल्दैन। सहकारीकै कारण घरखेत र उद्धार पनि भयो। विगतमा चर्को व्याज खाना नपाएकाहरूबाट आन्दोलन उठाइयो। च्याउ उम्रे जसरी सहकारीको जन्म भएको छ।*

नव कान्तिपुरका ऋण व्यवस्थापक सविना खनालले ऋण र वचतको व्याजमा दुबैको पक्ष हितलाई हेर्नु पर्छ। सदस्यहरूका लागि सहकारी शिक्षा दिनु जरुरी छ। म आवद्ध संस्थाले १६ प्रतिशत दिएको छ। सरकारी निकायले ३५ हजार सहकारीलाई कसरी नियन्त्रणमा ल्याउन सक्छ ?

नव कान्तिपुर वचत तथा ऋण सहकारी संस्था १७/१६ मा झरेको छ। बैंकले सूचना जारी गरेको छ। विकास बैंकहरूले ११ प्रतिशत व्याज दिने भनेर सूचना जारी गरेका छन्। सहकारी पनि समय सापेक्षिक हुनु पर्छ। सन्दर्भ व्याज दरमा समस्या छ। १६ प्रतिशत माग गऱ्यो। १८ प्रतिशत लघु वित्तले प्रयोग गरिरहेको छ। व्यापारीहरूलाई १६ प्रतिशत व्याजदर कार्यन्वयन गर्नेहरू घाटामा गईरहेका छन्। नमान्ने पक्ष सशक्त हुँदै गईरहेको छ।

सहकारी विभागको सह-रजिष्ट्रार शशी कुमार लम्लासले सन्दर्भ व्याजदरका सम्बन्धमा विभागले गरेको निर्णय सरकारको धारणा भएको बताइएको छ।

सहकारीको सन्दर्भ व्याजदर किन आयो ? भनेर भन्दा पनि सहकारीको सदस्यहरूको केही सहकारीको कारण घरखेत लिलाम हुने अवस्थामा आएकोले सहकारी ऐन २०७४ ले गरेको व्यवस्था भएको बताएको छ। ऐन नियममा लेखिएको कुरा सुझबुझको रुपमा देखिएको हुन्छ। मन्त्रालयमा बुझाउनु पर्छ। नियमित अनुगमन हुन्छ। सहकारीको दफा २३ को उपदफा २ मा व्यवस्था गरे अनुसार सहकारी केन्द्रीय संघले जानकारी गरेको हुनु पर्छ। नियमावलीमा ५ करोड भन्दा माथि कारोवार गर्न सक्छ। सन्दर्भ व्याजदर पालना गरेन कि भन्नेमा सदस्य र संस्था विच समन्वय गराउने सक्थ्यौं भने कोही पनि जाँदैन। योजना पालनमा अन्याय भयो भन्ने कुरा लागेको जस्तो लाग्दैन। सन्दर्भ व्याजदर आम सदस्यको हितमा छ। पालनामा कठिनाई छ भने कार्यन्वयनमा जान्छु भन्ने लाग्छ। समय समयमा पुनर्गठन गर्दै जानु पर्छ। समय अनुसार केही घटवड भईरहन्छ।

सहकारी अभियान व्यक्तिगत अभियान होइन सबैको साझा अभियान हो। यो मुलुक समृद्ध बनाउन अभियान हो। सहकारीको यो निर्णय नर्कान मिल्दैन। सहकारीकै कारण घरखेत र उद्धार पनि भयो। विगतमा चर्को व्याज खाना नपाएकाहरूबाट आन्दोलन उठाइयो। च्याउ उम्रे जसरी सहकारीको जन्म भएको छ। हाल देशभर ३४ हजार सहकारी संस्थाहरू छन्। वदमासी गर्ने सहकारी पनि छन्। समाज उत्थानमा लाग्ने सहकारीहरू पनि छन्। वदमासी गर्नेलाई कानूनी उपचार आवश्यक छ। सुशासनको आवश्यकता छ। आरोप लागेको छ राज्यको ऐन नियम नमान्ने भनिरहेको छ। पीडा व्यक्त गर्न पाउने समग्र वस्तुको मूल्य निर्धारण गर्दा सबै पक्षलाई समेतेर सन्दर्भ मूल्य निर्धारण गर्नु जरुरी छ।

ऐन कानून भित्र धेरै इण्डिकेटरहरू छन्। राष्ट्र बैंकको निर्देशिका र वाफिया अध्ययन गरेका छौं। वेस रेट फण्ड ल्याएर लगानी वचत सञ्चालनमा कष्ट सहकारीलाई पनि १४ प्रतिशतमा बाँध्न सकिन्छ भने किन १६ प्रतिशतमा बाँध्नु पऱ्यो। वास्तविक अवस्थालाई मूल्याङ्कन नगरिकन गरिएको व्यवसाय छिटो दुर्घटना निम्तिन सक्छन्। स्प्रिड ट्रेड दर कायम नगरी सिधै व्याजदर कायम गर्दा मर्का परेको छ। माग आपूर्तिका कारण सघन तरिकाले अगाडि जानु पर्छ। जापानमा बजारको बढी पैसा भयो भने ऋण लिन आउँदैन। ६ प्रतिशतमा पनि ऋण दिनुपर्छ। हामीले अनुगमन गर्ने कुरा आएन विभागले सत्यतथ्या रिपोर्ट ल्याओस्। हाँसेर बाँचेको छ की रोएर बाँचेको छ। नेपालको सहकारी विश्वकै उदाहरण बन्नु सकोस् भन्ने हो।

# नेपालमा प्राङ्गारिक खेती प्रविधिको विकास

१ नेपालको समृद्धिको मुख्य आधार कृषि हो
२ यहाँको जल, जमीन र जनसंख्याको उच्चतम् उपयोग गरेर मात्र समृद्ध नेपाल र सुखि नेपाली सम्भव छ ।
३ अमेरिकामा जम्मा २ प्रतिशत जनमुदाय कृषिमा आधारित हुँदा वर्षेनी अरबौंको गहुँ र करोडौंको धान निर्यात गर्दछ ।
४ तर नेपालको ८० प्रतिशत जनसमुदाय कृषिमा आधारित हुँदा ३३ अर्ब २७ करोडको खाद्यान्न आयात् गर्नु पर्दछ ।
५ मनाङको स्याउ संसारका स्याउहरूमा एक नम्बरमा आँउछ त्यसले उचित बजार नपाउँदा ती कुहिन वाध्य छ ।
६ तीनहजार पचास मिटर उचाईमा फलेको जुम्ली धानले संसार चिन्न पाएको छैन ।
७ पैसा कमाउन गएको छोरा पैसा कमाएर आउँला र चुहेको छाना फाटेको नाना र भोको पेट भरौंला भन्ने आशामा बसेका बुबाआमा कफिनमा लास बुझन यएरपोर्ट धाउनु परेको छ ।
८ धेरैजसो खेतीयोग्य जमीन बाँझो छ ।
९ चक्लावन्दी गरेर कृषिलाई आधुनिकीकरण र यान्त्रिकीकरण गरेर अहिलेको भन्दा दश गुणा बढी अन्न उब्जाउन सकिन्छ ।
१० एकीकृत कृषि प्रणाली विकास गरेर उत्पादन बढाउन सकिन्छ ।
११ यसका लागि राज्यले उन्नत बीउ, बिजन र सिँचाईको व्यवस्था गरिदिनु पर्दछ ।
१२ राज्यले बजारको ग्यारेन्टी गरिदिनु पर्दछ ।
१३ मिश्रित बाली लगाउन प्रेरित गर्ने

नेपाल कृषि प्रधान देश हो । परापूर्व कालदेखि नै यहाँका अधिकांश जनताहरूको जीविकोपार्जनको मेलो कृषि नै हो । देशले राजनीतिक र सामाजिक फड्को मार्दै गर्दा यो विषय अलि ओझेलमा परेको जस्तो देखिए पनि अन्तत्वगत्वा कृषि र पर्यटन नै हाम्रो विकासको आधार हो । तर अहिले आएर यस विषयलाई फेरि तड्कारो रुपमा विकाससँग जोड्न खोजिएको छ । विकासका नाममा खेतियोग्य जमीनहरू महलमा परिणत हुँदा मानिसको पेटसँग जोडिएको महत्वपूर्ण कृषि पेशा नै ओझेलमा परेको छ । अहिले व्यवसायिक कृषि प्रणाली शुरु गरिएको छ । तर, रसायन र विषादीको अत्याधिक प्रयोगले मानिसको स्वास्थ्य दिन प्रतिदिन बिग्रदै गईरहेको छ । यसका बारेमा सरोकारवालाको प्रयाप्त चासो पुग्न सकेको छैन । मुटु, क्यान्सर र किड्नीका रोगीहरू दिन प्रतिदिन बढ्दै गईरहेका छन । प्रत्येक बीस घरमा एउटा यी रोगी भेटिएको तथ्य हाम्रा सामु छ । यस्तो अवस्थामा हामी प्राङ्गारिक अभियन्ताहरू रसायन र विषादीमुक्त प्राङ्गारिक मलयुक्त खेति प्रणाली शुरु गर्नु पर्दछ भन्ने हेतुले यस अभियानमा लागेका छौं । सर्वप्रथम उदयपुरको बेलका नगरपालिकाले यस वर्षलाई उत्पादन वर्ष घोषणा गरेको छ । यसका लागि बेलका नगरपालिकाका मेयर दुर्गा कुमार थापालाई हामी धन्यवाद दिन चाहन्छौं । दूध र मासुमा आत्मनिर्भर हुन यस जिल्लामा तरकारीमा जम्मा ४०% मात्र आत्मनिर्भर भएको देखियो यसरी हेर्दा ६०% तरकारी बाहिरबाट आएको देखिन्छ । जिल्ला कै अगुवा कृषकहरूको ध्यान अब तरकारीमा आत्मनिर्भर तर्फ उन्मुख भई अर्गानिक तरकारी खेतिमा आकर्षण जगाउन जरुरी छ । यसै सन्दर्भमा आज विषादी र रसायन प्रयोग नगरी प्राङ्गारिक तरिकाले बाली उपचार कसरी गर्न सकिन्छ भनि हामी कृषकहरू उपस्थित भएका छौं ।



हामी कसरी स्वस्थ रहने
१ वाथ, पित्त र कफ सन्तुलन राख्नु पर्दछ ।
२ खाना खाएको एक घण्टा पछि पानी खाने
३ पानी घटाघट नखाने ।
४ चिसो पानी नपिउने ।
५ विहान उठ्दा बित्तिकै दुई गिलास मन तातो पानी पिउने ।

जैविक खेति कसरी गर्ने ?
१ सबभन्दा पहिले कति जमीनमा जैविक खेति गर्ने हो निर्क्योल गर्ने ।
२ पशु अनिवार्य पाल्ने ।
३ परालमा आगो नलगाउने ।
४ एकै ठाउँ भिन्न-भिन्न बाली लगाउने ।

**माटोको उर्वरा कसरी बचाउने :**
१ जैविक मल प्रयोग गरेर ।
२ जीवामृत प्रयोग गरेर

**जीवामृत बनाउने तरिका :**
२०० लिटर पानी
१० के.जी. गाईको गोबर
१० लिटर गाईको गहुँत
२ के.जी. वेसन पाउडर
२ के.जी. भेली
एक के.जी. बनको माटो
१५ दिनमा जीवामृत तयार हुन्छ ।

प्रत्येक २० देखि २२ दिनमा १०० लिटर पानीमा १० लिटर जीवामृत घोलेर बालीलाई स्प्रे गर्न नी सकिन्छ ।
माटोमा हाल्न नी सकिन्छ । यसरी माटोलाई उर्वरा बनाउन सकिन्छ ।

**घाना जीवामृत बनाउने तरिका :**
१०० के.जी. गाईको गिलो गोबर
५ लिटर गाईको गहुँत
२ के.जी वेसन
१ पसर बनको माटो
२ के.जी भेली

विषेश गरि जेठ र असार महिनामा यो मल बनाउन उत्तम समय मानिन्छ ।
सर्वप्रथम गाईको मल कुनै रुखको छहारी मुनि फिजाउने त्यसमाथिबाट गहुँत छर्कने अनि वेसन पिठो छर्कने अनि बनको माटो छर्कने



# खाद्य तथा गुण नियन्त्रण विभाग : प्रेस विज्ञाप्ति

काठमाडौं मंसीर २९ गते खाद्य तथा गुण नियन्त्रण विभागले प्रथम चौमासिक प्रगति विवरण सार्वजनिक गरेको छ ।

सार्वजनिक विवरणमा जारी प्रेस विज्ञाप्ति अनुसार आम उपभोक्ताको स्वास्थ्य र सुविधा कायम राख्न खाद्य ऐन नियमको प्रभावकारी कार्यान्वयन गर्दै खाद्य प्रविधिको विकास तथा खाद्यमा आधारित पोषणको सुधारका लागि विभिन्न प्रवर्द्धनात्मक कार्यक्रम संचालन र खाद्य पदार्थको विश्लेषण परिक्षणका लागि विश्वसनीय प्रयोगशाला सेवा प्रदान गर्नेकार्य खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग तथा मातहतका कार्यालयहरूबाट हुँदै आएको छ ।

यस विभागको संगठन संरचना काठमाडौंमा विभागसबिराटनगर, जनकपुर, हेटौंडा, भैरहवा, नेपालगञ्ज र धनगढी स्थित ६ वटा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयहरू झापा, इनरुवा, धनकुटा, उदयपुर, राजविराज, मलंगवा, जलेश्वर, पर्सा, चितवन, काठमाडौं, धुलिखेल, नुवाकोट, सिन्धुली, दमौली, पोखरा, बाग्लुङ, तानसेन, तौलिहवा, दाङ, सुर्खेत, जुम्ला, डोटी, डडेल्धुरा र बैतडी स्थित २४ वटा डिभिजन कार्यालयहरू र काँकडभिट्टा, रानी, जलेश्वर, त्रिभुवन विमान स्थल, तातोपानी, रसुवा, बीरगञ्ज, भैरहवा, कृष्णनगर, नेपालगञ्ज, धनगढी र कञ्चनपुर गरी १२ स्थानमा खाद्य आयात निर्यात गुणस्तर प्रमाणिकरण कार्यालयहरू गरी जम्मा ४३ कार्यालयहरु रहेका छन् ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग तथा मातहतका कार्यालयहरूबाट आर्थिक वर्ष २०७६/७७ को प्रथम चौमासिक अवधि अर्थात् २०७६ श्रावण १ देखि कार्तिक मसान्तसम्ममा सम्पन्न मुख्य मुख्य कार्यहरू र सोबाट हासिल प्रगति यस प्रकार रहेका छन् ।

१. खाद्य उद्योग तथा बजार निरीक्षण अनुगमन र गुणस्तर नियमन कार्यक्रम

◆आर्थिक वर्ष २०७६/७७ को प्रम चौमाशिक अवधिमा विभाग तथा मातहतका कार्यालयहरूबाट बजार निरीक्षण अनुगमन गरी ऐन नियमानुसार जम्मा ९ सय २५ नमूना सङ्कलन भएकोमा, ४ सय ६४ वटा नमूनाहरूको विश्लेषण परीक्षण प्रतिवेदन अनुसार ६१ नमूनाहरू मापदण्ड अनुसार नपाइएका । मापदण्ड अनुसार नपाइएका नमूनाहरू मध्ये २९ वटा दूषित, २४ वटा न्यून् गुणस्तर तथा ८ वटा खाद्य ऐन नियमको प्रावधान वमोजिम नपाइएका ।




◆खाद्य ऐन तथा नियम अनुसार न्यूनस्तर तथा दूषित उत्पादन तथा बिक्रीवितरण गरेको कसुरमा ८ थान मुद्दा विभिन्न जिल्ला प्रशासन कार्यालय तथा जिल्ला अदालतमा दायर गरिएको थियो । दायर गरिएका ८ थान मुद्दा मध्ये सबैभन्दा बढी प्रशोधित पिउने पानीका ४ तथा दालमोठ, भुजिया, तयारी चाउचाउ, मिठाई, खुर्सानीको धुलो जस्ता विभिन्न खाद्य पदार्थका रहेका थिए । उक्त मुद्दाहरूमध्ये ३ वटा मुद्दाहरू न्यून् गुणस्तरका, २ वटा मुद्दाहरू दुषितका, तथा बाँकी ३ वटा लेबल लगायतका विवरण नमिलेका र निर्देशिका उलंघन सम्बन्धी थिए ।

◆यस अवधिमा खाद्य र दाना उद्योग, होटल रेष्टुरेण्ट, राजमार्गका होटल गरी १ हजार ७ सय ८० पटक निरीक्षण अनुगमन गरिएको थियो ।

◆विभागमा प्राप्त प्रशोधित पिउने पानीको गुणस्तर, खाने तेलको गुणस्तर, होटल रेष्टुरेण्ट, चामलको गुणस्तर लगायतका विभिन्न विषयका जम्मा १५ उजुरी उपर तत्काल सम्बोधन टोली (Rapid Response Team) मार्फत कारबाही गरिएको ।

◆विभाग तथा मातहतका कार्यालयहरूबाट भएको निरीक्षण अनुगमनमा खाद्य ऐन, २०२३, खाद्य नियमावली, २०२७ तथा निर्देशिका वमोजिम उत्पादन गरेको नपाईएका २२ वटा उद्योग एवं खाद्य व्यवसायहरूलाई उत्पादन रोक्का एवं सिलवन्दीका साथै नमूनाहरू संकलन गरी कारवाही अघि बढाइएको ।

◆यस अवधिमा १ सय ७९ उद्योगलाई नयाँ अनुज्ञापत्र जारी, ५३० उद्योग अनुज्ञापत्र नवीकरण तथा ५३५ नयाँ उद्योग स्थापना गर्न सिफारिश गरिएको छ ।

२. खाद्य आयात निर्यात नियमन कार्यक्रम

-खाद्य आयात निर्यात निरीक्षण तथा गुण प्रमाणिकरण प्रणाली सम्बन्धी निर्देशिकाले व्यवस्था गरेअनुरूप आयात् गर्नुपूर्व अनिवार्यरूपमा अनुमति लिनुपर्ने भनी व्यवस्था गरिएका विभिन्न खाद्यवस्तुहरूको आयात् अनुमति लिने क्रममा आ. व. २०७६/७७ को प्रथम चौमासिकमा कुल ७ सहजार ७ सय ७२ आयात् अनुमति जारी गरिएको । यसै क्रममा आवश्यक कागजात पूरा नभएका कन्फेक्सनरी, पेय पदार्थलगायतका विविध खाद्य पदार्थहरू गरी ४९वटा खाद्य पदार्थका कन्साइन्मेन्टहरुको अनुमती अस्विकृत गरिएको थियो ।

◆यस अवधिमा १२ वटा विभिन्न नाकामा रहेका खाद्य आयात निर्यात गुणस्तर प्रमाणिकरण कार्यालयहरूमा १०,१६५ वटा नमूनाहरूप्राप्त भई सोको जाँच विश्लेषण गरी नियमन गरिएको ।

**३. खाद्य स्तर निर्धारण कार्यक्रम :**

खाद्य ऐन अनुरुप निम्न विषयहरूको अनिवार्य गुणस्तर मापदण्डका मस्यौदाहरू तयार गरी प्राविधिक उपसमितिमा विज्ञ सहित छलफल गरिएको थियो ।

१. फलफूल तथा तरकारीमा विषादीको अवशेषको अधिकतम् सिमा (Maximum Residue Limit-MRL-for Pesticides) : बोडी, सिमी, परवल, भेंडी, खुर्सानी, काँक्रो, घिरौला, प्याज, फर्सी, जुगेनी, रायो साग, सुन्तला, आँप, अंगुर

२. भेटनरी ड्रगको अवशेषको अधिकतम सिमा (Maximum Residue Limit -MRL-for Veterinary Drugs): कुखुराको मासु, हाँसको मासु , टर्कीको मासु, खसी र

बोकाको मासु, भेडा बँगुर र सुँगुरको मासु, खरायोको मासु, माछा, ट्राउट, झिँगे माछा

३.खाद्य ऐन अनुरुप खाद्य स्तर निर्धारण समितिले विभिन्न १० वटा फलफूल तथा तरकारीमा विषादीको अधिकतम् सिमा तोकेकोमा नेपाल राजपत्रमा प्रकाशनका लागि मन्त्री परिषद्मा प्रस्ताव स्वीकृतीको लागि पेश भएको ।

४.प्रयोगशाला सुदृढिकरण र प्रत्यायन (Accreditation) तथा प्रयोगशाला सेवा सम्बन्धी कार्यक्रम

**क. प्रयोगशाला सुदृढिकरण :**

-विभाग अन्तर्गत राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशालाको क्षमता अभिवृद्धि एवं सुदृढिकरण कार्यक्रम अन्तर्गत प्राविधिक जनशक्तिलाई GCMS, LCMS, AAS, तथा ICP-MS जस्ता अत्याधुनिक उपकरणहरू सम्बन्धी तालिमहरूमा पठाउने कार्य भएको थियो । यसबाट प्रयोगशाला परीक्षण क्षमता अभिवृद्धिका साथै प्रयोगशालाको थप एक्रेडिटेशनको लागि पूर्व तयारी भएको छ ।

- विगतमा मर्मत हुन नसकि कार्य सञ्चालनमा नआएका LCMS/ AAS तथा ICP-MS जस्ता उपकरणहरू मर्मत गरी सञ्चालनमा ल्याउने कार्य भएको छ । जसबाट निकत भविष्यमा हेभि मेटल, मिनरल, सबै समूहको पेष्टिसाइडको अवशेष तथा भेटनरी ड्रग अवशेषको परीक्षण सूचारु रुपमा गर्न सक्ने छ ।
- खाद्य आयात निर्यात गुणस्तर प्रमाणिकरण कार्यालयहरूमा विषादीको अवशेष परीक्षणका लागि १५ थान आरबीपिआर (Rapid Bioassay for Pesticide Residues) उपकरण खरीदको प्रकृयामा रहेको छ । साथै प्रयोगशाला सुदृढिकरण तथा प्रत्यायन कार्यका लागि आवश्यक कन्जुमेवल केमिकल्स र ग्लासवेरहरूको खरीदको लागि प्रकृया अगाडि बढाइको छ ।
- प्रयोगशालाको क्षमता अभिवृद्धि तथा थप प्रत्यायन तयारीका लागि Certified Reference Materials(CRM), Standard Operating Procedure, Method Validation, Proficiency Testing Participation का कार्यहरू भैरहेको छ ।

**ख.प्रयोगशाला प्रत्यायन** :(Accreditation) विभागको राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशालालाई रासायनिक, जीवनाशक विषादीको अवशेष, माइको टक्सिन, हेभि मेटल तथा सूक्ष्म जैविक विषय गरी विभिन्न २६ खाद्य पदार्थहरूका १०१ विषयमा नयाँ सस्करण ISO/IEC १७०२५, २०१७ अनुरुप अन्तर्राष्ट्रिय मान्यता प्राप्त गरी सकेको सन्दर्भमा नेपालको निर्यातजन्य खाद्य पदार्थहरूलाई सहजीकरणका लागि विषादीको अवशेष, शुक्ष्म जीव, हेभी मेटल तथा केमिकल्स लगायतका क्षेत्रहरूमा थप एक्रेडिटेशनका तयारी भैरहेको छ ।

**ग. प्रयोगशाला सेवा :**

यस अवधिमा विभागको राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशाला तथा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयहरूका प्रयोगशालाहरूबाट खाद्य ऐन नियम कार्यान्वयनका क्रममा सङ्कलित नमूना, खाद्य उद्योग अनुज्ञापत्रका लागि सङ्कलित नमूनाहरू लगायत सेवाग्राहीहरूबाट अनुरोध भई आएका गरी जम्मा ५,०३१ वटा नमूनाहरू तथा आयात् निर्यात् नियमन अन्तर्गत १०,१६५ वटा नमूनाहरू गरी कूल १५,१९६ वटा नमूनाहरू प्रयोगशाला जाँच परीक्षण गरिएको थियो ।

५. खाद्य स्वच्छता सम्बन्धी अन्तरदेशीय निकायहरू बीच समझदारी (MOU)

नेपाल भारत बीच हुने खाद्य व्यापारमा सहजीकरण गर्न खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग तथा भारतको Food Safety and Standards Authority of India (FSSAI) बीच खाद्य स्वच्छताका क्षेत्रमा सहकार्य गर्न मिति २०७६ भाद्र ४ र ५ गते काठमाडौंमा आयोजना भएको परराष्ट्र मन्त्री र भारतका विदेशमन्त्रीस्तर रहेको नेपाल-भारत संयुक्त आयोगको पाँचौ बैठक कार्यक्रममा Memorandum of Understanding (MOU) मा नेपालका तर्फबाट विभागका महानिर्देशक तथा भारतको FSSAIका कार्यकारी निर्देशकद्वारा हस्ताक्षर भएको थियो ।

भारतको FSSAI ले मिति २९ जुलाई २०१९ बाट लागुहुने गरी विभाग अन्तर्गतको राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशालालाई कानूनी मान्यता दिएको छ । सो बमोजिम राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशालाबाट परिक्षण हुने निम्न २१ वटा खाद्य तथा कृषिजन्य पदार्थहरूको परीक्षण प्रतिवेदनलाई भारतमा आयात हुने प्रयोजनका लागि FSSAI ले मान्यता दिने गरी प्रयोगशालालाई सूचिकृत गरेको छ ।

खाद्य तथा कृषिजन्य पदार्थहरू : जुस, जाम, जेली, अचार, क्याण्डी, तयारी चाउचाउ, बिस्कुट, बाल आहार, दूध, धूलो दूध, कन्डेन्स मिल्क, आइसक्रिम, दही, प्रशोधित मासु, अदुवा, अलैंची, बेसार, चिया, कफि, मह, तथा ताजा तरकारी र फलफूल

६. खाद्य प्रविधि विकास तथा पोषण सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रम

-आ. व.२०७६/७७ को प्र.चौ.मा तरकारी जन्य पदार्थ तथा दुग्धजन्य पदार्थ लगायतका खाद्य पदार्थहरूमा विभिन्न ९ किसिमका अध्ययन अनुसन्धान गरेका थिए ।

-पोषिलो परिकार विकास

-चिउरामा आधारित स्नाक्स बार

-कर्कलोको पातको सूप

-शिप विकास तथा पोषण तालिम कार्यक्रम

-आ. व.२०७६/७७ को प्र.चौ.मा विभाग तथा मातहतका कार्यालयहरूबाट खाद्य प्रविधि र पोषण सम्बन्धी तालिम ४६१ जनालाई प्रदान गरिएको थियो ।

- पोषण विश्लेषण तथा फुड कम्पोजिशन टेबलको अद्यावधिक

विभिन्न ५० खाद्य पदार्थहरूको पौष्टिक तत्व विश्लेषण गरी फुड कम्पोजिशन टेबलको अद्यावधिकको लागि कार्य भैरहेको ।

७. नेपाल असल कृषि अभ्यास प्रमाणिकरण सम्बन्धी कार्यक्रम

उपभोक्ताहरूलाई स्वस्थ र सुरक्षित खाद्य तथा कृषिजन्य वस्तु उपलब्ध गराउन, दिगो कृषिलाई योगदान पुऱ्याउन, निर्यात


**कृषि सूचना तथा सञ्चार प्रविधि प्रकाशन प्रा.लि द्वारा** krishijournal.com.np ONLINE पत्रिका पढ्न नभुल्नु होला

ईमेल :

krishijournal@yahoo.com




# नेपाल कुखुरापालक किसान संघद्वारा : प्रस्तुत कार्यपत्र




नेपाल एक मात्र आत्मनिर्भर व्यवसायको रुपमा विकास र विस्तार हुँदै आएको पोल्ट्री व्यवसाय व्यवसायिकरण एवम् आधुनिकीकरण हुँदै गरेको अवस्थामा ब्रोइलर कुखुराले मात्र करिव २ लाख ५० हजार व्यक्तिलाई प्रत्यक्ष रुपमा रोजगारको सिर्जना गरेको छ । स्वास्थ्य वर्द्धक मासु उपभोग गर्न पाउने उपभोक्तहरूको नैसर्गिक अधिकारलाई पूरा गर्ने तर्फ जिम्मेवार भूमिका निर्वाह गर्दै आउनुका साथै कुखुराको सुलीबाट जग्गाको उर्वरा शक्तिलाई समेत वृद्धि गरेर कृषि उत्पादन समेत महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । यसकारण पनि हाल यस व्यवसाय ६६ जिल्लामा विस्तार भैसकेको छ भने बाँकी अन्य जिल्लाहरूमा समेत विस्तार हुँदैछ । दैनिक करिव १२ लाख के.जी. मासुको उत्पादन गर्दै उपभोक्ता एवम् बजारको माग समेत पूरा गर्दैछ ।

नेपाल सरकारको गैह्र-जिम्मेवारीपनाले हाल यस व्यवसाय किसानले धान्न नसक्ने स्थितिमा पुगेको छ । अत्याधिक मूल्यवृद्धिको चपेटका कारण कूल लागत मूल्य झन् बढ्न गएको छ । सरोकारवाला व्यवसायीहरूको मौनता एवम् पानी धमिल्याएर माछा मार्ने प्रवृतिका कारण आत्मदाहको अवस्थामा पुगिसकेका छन् । असहज परिस्थिति सिर्जना हुँदासम्म राज्य मुक दर्शक भएर केवल किसानको रगत पसिनाको अवमूल्यन गर्दै कुखुराको मासुमा आत्मनिर्भरताको खोक्रो नारा रट्दैछ । यस्तो विकराल परिस्थितिमा व्यवसायमा देखा परेका समस्याहरूलाई समाधानको निमित्त हातेमालो गर्दै किसान र कुखुरा बचाएर सम्मानजनक रुपमा बाँच्ने र बचाउने क्रियाकलापमा यथाशिघ्र सहयोग, सद्भाव र जिम्मेवारी वहन गर्न सम्बन्धित सरोकारवाला पक्षहरूसँग आव्हान गर्दै अन्यथा यसबाट पर्ने असरहरूको जिम्मेवारी स्वयम् राज्य एवम् सम्बन्धित पक्षहरू हुने छन् । यसरी आजको अयथार्थ अवस्थाको समाधानको निमित्त समस्याको पहिचान र निराकरणको उपायहरू समेत प्रस्तुत गर्दछौं ।


*नेपाल सरकारको गैह्र-जिम्मेवारीपनाले हाल यस व्यवसाय किसानले धान्न नसक्ने स्थितिमा पुगेको छ । अत्याधिक मूल्यवृद्धिको चपेटका कारण कूल लागत मूल्य झन् बढ्न गएको छ । सरोकारवाला व्यवसायीहरूको मौनता एवम् पानी धमिल्याएर माछा मार्ने प्रवृतिका कारण आत्मदाहको अवस्थामा पुगिसकेका छन् ।*


समस्या :

१. दाना, चल्ला, औषधीको अधिकतम् मूल्य वृद्धि ।

२. गुणस्तरहिन दाना, चल्ला र औषधी ।

३. पेशा सम्बन्धी विज्ञता नभएको ।

४. लगानीको अभाव र एवम् सुरक्षा नभएको ।

५. सप्लायर्सहरूले प्रयोग गर्ने ढक, काँटा तथा विविधको समस्या ।

६. किसानको बजारसम्म पहुँच नहुनु ।

६. खुल्ला सिमानाको कारण अवैध पोल्ट्रीजन्य वस्तु भित्रिनु ।

७. सरकारले अविभावकीय भूमिका नभएको ।

८. स्वास्थ्यवर्द्धक मासुमा उपभोक्ताहरूको अज्ञानता ।

९. उत्पादन किसानहरूको हितमा नीति निर्माण लागु नहुनु ।

१० मूल्य निर्धारण एवम् अनुगमन प्रक्रिया वैज्ञानिक नहुनु ।

११. पोल्ट्री व्यवसाय सम्बन्धी पूरक व्यवसायीहरूले जिम्मेवारी वहन नगर्नु ।

१२. किसानहरूको खोरमा ढक, काँटा नहुनु ।

१३. लेयर्स तथा प्यारेन्ट कुखुराहरू अण्डा उत्पादान पश्चात नष्ट नहुनु ।

१४. किसानहरू व्यवसायिक एवम् संगठित नहुनु ।

**समग्रमा समाधानको उपायहरू :**

राष्ट्रिय स्तरको पोल्ट्रीजन्य वस्तुहरूको लागत मूल्यको आधारमा मूल्य निर्धारण एवम् समायोजन प्रक्रियाका निमित्त राज्यले पहिले भूमिका निभाउँदै किसान एवम् अन्य पक्षहरूसँग सहकार्य गर्न मुख्य भूमिका पूर्ण रुपमा निभाउनु पर्ने ।

जस्तै :

क) राष्ट्रियस्तरको मूल्य निर्धारण समिति निर्माण भई कायन्वयन हुनु पर्ने ।

ख) राष्ट्रियस्तरको अनुगमन समिति निर्माण भई कार्यन्वयन हुनु पर्ने ।

ग) देशभर किसानहरूको कुखुरा खरीदका लागि खोरमा ढक, काँटा हुनु पर्ने ।

घ) स्वास्थ्यवर्द्धक मासु ब्रोइलर कुखुराको मात्र भएको हुँदा अन्य लेयस र प्यारेन्ट कुखुरा अण्डा उत्पादन पश्चात डिस्पोज हुनु पर्ने ।

ङ) लक्षित वर्ग पहिचान गर्दै ऋण अनुदान सहयोग सम्बन्धित क्षेत्रसम्म पुग्नु पर्ने ।

च) पोल्ट्रीजन्य पेशासँग समन्वय एवम् सहकार्यको वातावरण पैदा हुनु पर्ने ।

छ) लागत मूल्यको आधारमा निश्चित नाफा ग्यारेन्टी हुनु पर्ने ।

ज) अनविज्ञ किसानहरूको हकहितको लागि सेमिनार गोष्ठी तालिम आदिको कार्यक्रम सञ्चालन गर्नु पर्ने ।

होला कसैले गर्दैनन् । यसले गर्दा खाद्यान्न उत्पादनमा कमी आएको हो । जटिल कृषि पेशा हो भनेर राज्यले सेवा सुविधा उपलब्ध गराउने हो भने खाद्यान्न लगायत केही वस्तुको पनि अभाव हुँदैन ।

खाद्य उपभोगमा, स्वभावमा परिवर्तन गरि कोदोको चाउमिन, पेष्ट, लगायत विभिन्न परिकारहरू किन नबनाउने ? धेरै कार्वोहाइड्रेट भएको चिज खानु भन्दा आधा तरकारी, आधा खाना खानेगरि बानी गर्‍यौं भने परिवर्तन हुनेछ ।

**किसान महासंघको तर्फबाट भन्नु पर्दा नेपालको कृषिलाई समृद्ध तुल्याउन अन्तिम लक्ष्य के हुन सक्छ ?**

हामीले नेपालको कृषिलाई राजनीतिक घोषणा पत्र मार्फत सार्वजनिक गरेका छौं । नेपालको २० लाख जनताहरू व्यवसायिक कृषिमा लागेका छन् । ११ लाख हेक्टर भूमि व्यवसायिक रुपमा प्रयोग भएका छन् । अब बाँकी रहेको १९ लाख हेक्टर जमीन छ त्यसलाई पूर्ण व्यवसायिक रुपले प्रयोग गर्नु पर्छ । हाम्रो काम व्यवसायिक कृषिमा लाग्नुहोस् भन्ने र सरकारको काम चक्लावन्दी र सामूहिक खेती गर्नेहरूलाई कृषि यन्त्र उपकरण, सिँचाई, उन्नत बीउविजन, मल, लगायत प्रविधिहरू सर्वसुलभ उपलब्ध गर्नु पर्छ भनेर घोषित नीति अगाडि सारेको छौं । यदि सरकार हाम्रा माग प्रति सहमत भयो भने ५ वर्ष भित्र खाद्य र खाद्यजन्य वस्तुमा एक रुपैयाँको पनि बाहिरबाट आयत गर्नु पर्दैन । बेच्नु पर्ने परिस्थितिमा सिर्जना हुन्छ । जुन काम पूरा गर्नको निमित्त हामी जिम्मेवारी वहन गर्न सक्छौं भनेर घोषणा गरिसकेका छौं ।

**भू-उपयोग नीतिको बारेमा बताई दिनुहोस ?**

भू-उपयोग ऐन बनेको छ । त्यसलाई कार्यन्वयन गर्न बाँकी छ । भू-उपयोग ऐन अनुसार हामीले भनेका छौं कृषि भूमिलाई खण्डीकरण गर्नु पाइन्दैन । कृषि भूमिमा नयाँ किसिमको कंक्रिट संरचना बनाउनु पाईंदैन । सरकारले औद्यौगिक क्षेत्र कहाँ राख्ने ? आवास क्षेत्र कहाँ राख्ने ? पर्यटकीय क्षेत्र कहाँ निर्माण गर्ने ? उसले गरोस् । अहिले भू-उपयोग ऐनमा ११ किसिमको वर्गिकरण गर्ने नीति आएको छ । त्यो ऐन लागु भयो भने भू-उपयोग ऐन मार्फत नेपालको भूमिलाई सदुपयोग गर्न प्रशस्त मार्ग निर्देश गर्न सक्छ भन्ने विश्वास लागेको छ ।

# सहकारीहरू सन्दर्भ व्याजदर कार्यन्वयन गर्नमा जोड

✍रितु रुपाखेती

काठमाडौं २९ कार्तिक नेपाल सहकारी पत्रकार समाजको आयोजनामा ६० वर्षको दौरानमा सरकारले साउनबाट ल्याएको सन्दर्भ व्याजदर कायम गर्न जोड दिदै कार्यक्रम सम्पन्न भएको छ ।

अनामनगर स्थित युनियन हाउसको सभा हलमा सम्पन्न भएको उक्त छलफल कार्यक्रमका प्रमुख अतिथि नेपाल वचत ऋण सहकारी संघ (नेप्स्कुन)का अध्यक्ष डीबी बस्नेतले ६ सयवटा सहकारीको अनुगमन सेवा शुल्क लिनु नहुने बताउँदै सरकारको निर्देशन मान्नु पर्ने बताएका छन् । डिपोजिट बढेको व्याजदर लिने र दिने समस्या छन् । सरकारी व्याजदर निर्धारणमा यो व्याजदर तोकिएको हो । ऐनमा प्रष्ट लेखिएको छ । ६ प्रतिशत भन्दा बढी घटबढ हुनुहुँदैन । ३६ प्रतिशत दियो रे ओरिन्टलले भन्ने हल्ला आयो । सहकारीले थोरै पूँजीबाट उत्पादन लिन खोजेको व्याज दर कार्यन्वयन गरेर छद्म फट्याई गर्छ भने कारवाही गर्ने की



गरेको बताएका छन् । कतै पनि १६ प्रतिशत भन्दा बढी व्याजदर लिएको रहेछ भने कार्यालय खुलेको २ घण्टामा भित्र जान्छौं । फलानो संस्थाले व्याजदर बढिलियो भनेर रिपोर्ट दिइयोस् । हाम्रो भनाई बेलामा व्याज आउँछ कि आउदैन । भन्ने हो । क वर्गको बैंकहरूले ११ प्रतिशत देखि १३ प्रतिशत आयो भनेर भनेका छन् । कतिपय बैंकहरूले १३ प्रतिशतसम्म व्याजदर कायम भएको छ । अब १३ प्रतिशत व्याजदरमा गएको छ । अब तुरुन्त सन्दर्भ व्याजदरमा अगाडि बढ्नु पर्छ । बैंकहरूको व्याजदरका विषयमा सन्दर्भ व्याजदर कायम गर्न आग्रह गरेको छ । बैंकहरूले व्याजदर बढाउन लागेको छ । औषत व्याजदर १२.५ मा नविल बैंकबाट ऋण लिएका थिए । सरकारले व्याजदरमा परिवर्तन गर्नु पर्ने माग अगाडि बढाएको छ । हाम्रो कुरा सरकारले सुन्नु पर्छ । पहिलो लगानी गरेको व्याज दरलाई प्रेसर गर्नु हुँदैन । सेवा शुल्क ५ प्रतिशतसम्म लिइएको जनाएको छ । सेवा शुल्कलाई ताकेता नगरौं । अप्राकतिक खालको नगर्ने । तपाईलाई उचित लाग्छ ? २०/२५ प्रतिशत लिने सदस्य ऐन अनुसार जन्मेको होइन भन्नु पर्‍यो । म मान्दिन भन्नु पर्‍यो । चलाउने नसक्ने भए अरु नै व्यवसाय गर्नुहोस् । अधिकतम् सदस्यको बीच परिचालन गर्नुहोस् । कतिपय सहकारी संस्था समस्या ग्रष्ट हुँदा अवस्था कसरी बचाउने ? अझ १६ प्रतिशत व्याजदर बढी भयो । २ वर्ष पछि दर निर्धारण गरेका हौं हतारमा आएको होइन । सहकारी कै सहभागीतामा आएको छ । ऐन अनुसार जन्म भएको छ । ऐनको आधारमा रहेर सहकारी विभागलाई सबै स्थानीय तहलाई जानकारी गराउन भनेर गोष्ठी गरेका हुन् । सहकारीलाई कसरी व्यवस्थित मुनाफा आर्जन गने

संस्था होइन यदि होइन भने अन्य क्षेत्रमा लाग्नु पर्छ । मेरो बुबाले ३ प्रतिशत व्याजमा ऋण लिएर मलाई पढाएको हो । हामीले सहकारी ऐन भित्रै रहेर कायम गरेको कसरी आफैलाई अप्ठेरो पर्छ ?



प्रवर्द्धनका साथै आयात् व्यवस्थापन गर्न नेपाल असल कृषि अभ्यासको आवश्यकतालाई महशुस गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयले नेपाल असल कृषि अभ्यासको मापदण्ड तय गरी सोको लागु गर्न नेपाल असल कृषि अभ्यास कार्यान्वयन निर्देशिका २०७५ जारी गरेकोमा नेपाल असल कृषि अभ्यास प्रमाणिकरण निकायको रुपमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागलाई तोकेको छ । यसै सन्दर्भमा निम्न तीन तरकारी कृषि फर्महरूले नेपाल असल कृषि अभ्यास लागु गरी प्रमाणिकरणको अन्तिम चरणमा पुगेको छ ।

- कृषि परियोजना टिकाथली (२०० रोपनी), महालक्ष्मी न. पा.-५, टिकाथली
- विशेष सदावहार कृषि फार्म (४६ रोपनी), नागर्जुन न. पा. -८, रामकोट
- मैत्रीमंगलम् अर्गानिक कृषि फार्म (१०१ रोपनी), नागर्जुन न. पा.-६, रामकोट

८. खाद्य स्वच्छता सचेतना कार्यक्रम

खाद्य स्वच्छताका दृष्टिकोणले बढी जोखिमयुक्त खाद्य पदार्थहरू प्रशोधित पिउने पानी, दूध तथा खाने तेललाई प्राथमिकतामा राखी गत आ.व.देखि अभियानको रुपमा प्रवर्द्धनात्मक तथा नियमन केन्द्रित कार्यक्रम सञ्चालन गरिएकोमा सो कार्यक्रमलाई निरन्तरता दिएको छ । खाद्य स्वच्छताका दृष्टिकोणले बढी जोखिमयुक्त खाद्य पदार्थहरू प्रशोधित पिउने पानी, दूध तथा खाने तेललाई प्राथमिकतामा राखी २४९ जना दूध, पानी तथा खाने तेलका उद्योगीहरूसँग खाद्य स्वच्छता बारे अन्तरक्रिया एवं सचेतना कार्यक्रम सम्पन्न गरेको ।

९. होटल रेष्टुरेण्ट स्तरीकरण

आ.व. २०७६/७७ को प्र.चौ. अवधिमा विभाग तथा मातहतका कार्यालयहरूबाट जम्मा ११५ वटा होटल रेष्टुरेण्ट स्तरीकरण गरिएकोमा ५-४५) वटाले अति उत्तम (Green sticker with three stars) पाउन सफल भए भने २३-२०५) वटाले उत्तम (Green sticker with two stars), ३६-३१५) वटाले सन्तोषजनक (Green sticker with one star) र ५१-४५५) वटाले सामान्य स्तर (Yellow sticker without star) प्राप्त गरेका छन् ।

मोहन कृष्ण महर्जन
प्रवक्ता /२०७६।०८।२९

# पीडा व्रोइलर कुखुरा व्यवसायीका

काठमाडौं मंसीर १६

दुई महिना अघि अण्डा उत्पादक व्यवसायी संघको आन्दोलन माग पूरा नहुँदै पुनः व्रोइलर कुखुरा पालक व्यवसायिक कृषकहरूको व्यवसाय संकट बन्दै गएको कुखुरा पालक उद्यमीहरूबाट आवाज उठ्न थालेको छ । अण्डा उत्पादक व्यवसायीहरूको भण्डा बढी समस्या व्रोइलर कुखुरा पालक किसानहरूको समस्या बढी देखिएको छ । यसले लेयर कुखुराको तुलनामा व्रोइलर कुखुरा पालकहरू ठूलो संकटमा परेको देखिन्छ । यो अवस्थाले व्यवसायीहरूको लगानी डुब्ने र ऋण तिर्न नसकी गम्भीर मोडमा फँसिरहेको राजधानीको कीर्तिपुर नगरपालिकास्थित भत्केपाटीमा कुखुरा व्यवसाय गरिरहेको किसानले बताएका छन् । कुखुरा व्यवसायी दुइहजार कुखुरा पालेको १५ सय



कुखुरा एकै पटक मरेको कारण पैसाको अभावमा पुनः व्रोइलर कुखुरा पाल्न गर्न नसकी एउटा गाई पालेर जीविकोपार्जन गरिरहेको बताएका छन् । कृषकले विदेशमा बसेर कमाई ल्याएको पैसा पनि त्यही खर्च गर्दा र अर्को पैसा नहुँदा डुबेको बताए । त्यस्तै समस्यामा परेको देशभरका किसानहरू पीडा लिएर हिडिरहेको छ । देशभरका कुखुरा व्यवसायीहरूको भनाईले पनि भत्कृपाटीको किसानको प्रतिनिधित्व गर्दछ । अहिलेको जल्दावल्दा समस्या भनेको ऋणको समस्या, गुणस्तरीय दाना र औषधी नहुनु र खुला सीमानाबाट अवैध व्रोइलर कुखुरा र अण्डाको भित्र्याईनुको कारण पनि रहेको बताईएको छ । नेपाली कृषि व्यवसायीहरू प्रतिस्पर्धा गर्न नसक्दा व्यवसाय धरासायी बन्दै गएको तितो अनुभव व्यवसायीहरूले सुनाएका छन् ।

तरकारी फलफूलमा जस्तै मासु र अण्डामा समेत मूल्यमा एकरुपता ल्याउने पहल गर्ने भनिए पनि अण्डाको मूल्यमा एकरुपता नहुँदा किसान व्यवसायबाटै पलायन हुने अवस्था आएको भन्दै संघका पदाधिकारीहरूबाट बारम्वार विषयवस्तु उठाउँदै आएका छन् ।

पशु सेवा विभागले मासु अण्डा दूधमा आत्मनिर्भर बन्दै गएको भनिएता पनि नेपाली किसानहरूको भित्री समस्या भने भिन्दै रहेको बताएका छन् । आत्मनिर्भर हुन नसकि त्यस व्यवसायबाट पलायन हुनु पर्ने अवस्था सिर्जना भएको बताईरहँदा कृषि तथा पशुपन्छी विकास मन्त्री घनश्याम भुषालले समस्याको समाधान गर्ने आश्वसन दिएको बताएको छ । उत्पादक अहिले कृषकले पाउने अण्डाको प्रति क्रेट रु.२५५ र मध्यम अण्डाको प्रति क्रेट रु १७० , मास प्रति के.जी. १६० र १९० बीच अस्वस्थ प्रतिस्पर्धा भएको पाउन सकिन्छ । देशैभर मासुको मूल्यमा एक रुपता ल्याउन पर्ने र सम्पूर्ण व्यवसायी बीच एकजुट हुनु पर्ने कुरा उठाईको छ । त्यसो हुन नसक्दा यसको फाइदा विचौलियाले लिने चिन्ता उनीहरूमा रहेको छ । कुखुरा पालक किसान, दाना उत्पादक बिक्रेता सबै घाटा खाँदै अस्वस्थ प्रतिपर्स्धामा उत्रँदा नोक्सान नेपाली किसानकै हुने र यसको फाइदा विचको विचौलियाहरूले लिने चिन्ता व्यक्त गरेका छन । मकै लगायत दानाको लागि चाहिने कच्चा पदार्थ विदेशबाटै ल्याउनु पर्दा मूल्य वृद्धि भएको वहानामा दाना उद्योगले समेत दानाको मूल्य उच्च बनाईदिँदा किसानले लागत अनुसारको मासु र अण्डाको मूल्य पाउन सकेका छैनन् भनिन्छ । बजारीकरण र

मूल्य निर्धारण गर्न नसक्दा व्रोइलर कुखुरा व्यवसायी संघले गम्भीर चिन्ता व्यक्त गरेका छन् ।

लामो समयदेखि व्रोइलर कुखुराको बजारीकरण र मूल्य निर्धारण नगर्दा उत्पादक किसान अहिले मारमा परेका छन । एकदुई वस्तुमा मुलुक आत्मनिर्भर भनिएपनि सरकारको वेवास्ताका कारण पेशा संकट परेको देखिन्छ ।

**बाँकी** .......... **१७ पृष्ठ**

# सहकारी विभागः इतिहास



*सरकारबाट दिइने छोटो र मध्य अवधिको ऋणको व्याज दर सयकडा २ सम्म हुनु पर्छ। संस्थाले आफ्ना सदस्यहरूसँग छोटो अवधीको लागि पैदावारका जमानतमा र मध्यम व्याजमा र मध्यम अवधिको निमित्त अचल सम्पत्ती धितो ली सरकारबाट प्राप्त व्याज दरमा केही बढाई कर्जा दिने गर्नु पर्छ। त्यसै बढी व्याजबाट आफ्नो जगेडा कोष खडा भएपछि व्याजको बोझ घटाउन सक्ने गर्नु पर्छ।*

**(सहकारी विभाग)**

१. जहाँ कहि पनि सहकारी संस्था स्थापना गर्दा त्यस क्षेत्रको प्रारम्भिक इकोनोमिक्स् सर्भे गरी आर्थिक विवरण र तथ्याङ्क संकलन भएपछि सहकारीताको आवश्यकता भए नभएको र संस्था स्थापित भएमा काम चल्ने नचल्ने समेत विचार भएर मात्र संस्थाहरूको गठन गरिनु पर्छ।

२. कृषि तथा अरु व्यवसायहरूलाई कर्जा उपलब्ध गराउन एक सहकारी केन्द्र बैंक र अरु संस्थाहरूको स्थापना हुनुपर्छ जसबाट अर्थात २ देखिमाथि ५ वर्षसम्मको लागि ऋण प्राप्त गर्न सक्नेछन्। लामो अवधी अर्थात ५ वर्षदेखि माथि ऋण दिन भूमिभित्र बन्धक बैंक वा कर्जा नगद जस्तो संस्थाले दिनसक्ने भएकाले त्यस्तो संस्थाको पनि स्थापना हुनु पर्छ।

सरकारबाट दिइने छोटो र मध्य अवधिको ऋणको व्याज दर सयकडा २ सम्म हुनु पर्छ। संस्थाले आफ्ना सदस्यहरूसँग छोटो अवधीको लागि पैदावारका जमानतमा र मध्यम व्याजमा र मध्यम अवधिको निमित्त अचल सम्पत्ती धितो ली सरकारबाट प्राप्त व्याज दरमा केही बढाई कर्जा दिने गर्नु पर्छ। त्यसै बढी व्याजबाट आफ्नो जगेडा कोष खडा भएपछि व्याजको बोझ घटाउन सक्ने गर्नु पर्छ। बाहिरबाट कर्जा लिन नपरी आफ्नो कोष खडा भएपछि व्याज दर घट्दै जाने छ।

*संस्थाले उत्पादन जम्मा गर्ने गोदाम वा वैर हाउसिङ्गको पनि प्रबन्ध गर्ने, जात छुट्याउने, किसिमको मिलाउने र फलफूल सागपात र माछा-मासु संरक्षण गर्ने काममा रहेन संघ-संस्थाहरूको व्यापार सूचारु रुपले चलाउन चाहिने आवश्यक यन्त्रहरू र घर समेत खडा गरिदिनु पर्छ।*

३.(क) सहकारी कृषि उत्पादन संस्थाहरू खडा गरी सम्बन्धित विभागबाट ठहरिएका खेती गर्ने वैज्ञानिक तरिका, आधुनिक औजार, ट्रेक्टर मेशिनरीहरूको प्रयोग गर्नेमा उत्साह र मद्दत पुऱ्याउने असल खालको पशुपन्छी पाल्ने तरिकाहरू अपनाउन लगाउन, कृषि विभागले गरेको अनुसन्धानबाट निस्केको नयाँ कुराहरू सम्बन्धित विभागबाट किसान वर्गसम्म पुऱ्याउने भै आएको काममा संस्था मार्फत पनि किसानमा पुऱ्याउनको लागि त्यस्तो पशुपन्छी औजार मल र किटाणु नाश गर्ने औषधी संस्थाले नै भरिसके उपलब्ध गरि सामाग्रीहरू ऋणको रुपमा किसानमा दिने गराउनु पर्छ।

(ख) कृषि र पशुपालन सम्बन्धित विषयमा पुस्तिकाहरू बाडेन र प्रचार गर्ने काम मद्दत समेत गर्ने हुनु पर्छ।

ग) फलफूल खेती, मत्स्यापालन, पशुपालन, दुध उत्पादन सागसब्जी सनपाट, कपास खेती, गर्न पनि सहकारी संस्था खोली तिनीहरूद्धारा उत्पादन गरिनु पर्छ।

४. घरेलु तथा शिल्पकला उद्योग धन्दा, साना तिना उद्योगको विकास गर्ने प्रोत्साहन सहकारीता कै आधाबाट हुनुपर्छ। जसमा कपडा तयार गर्ने टोकरी, चटाई, कागज, साबुन, माटाको वा अरु धातुको भाडाहरू बनाउने, जुत्ता तयार गर्ने। अरु काठका सामानहरू तयार गर्ने, त्यसको निमित्त आवश्यक कच्चा माल र पूँजी जुटाई दिने, स्थान खडा गर्ने र तयार माल समेत राम्रो मोलमा बिक्री गर्ने व्यवस्था गरिनु पर्छ। यसबाट कतिपय काम जानेको व्यक्तिहरूले आफ्नो आफ्नो पेशामा संलग्न हुनपाई आर्थिक विकास गर्ने मौका पाउने छन्। फेरि कृषि वर्गहरूले पनि आफ्नो फुर्सतको बेलामा घरेलु उद्योगका लागि आफ्नो आम्दानीको स्रोत बढाउन सक्छन्।

५. व्यापार सम्बन्धी कुराको अनभिज्ञताले गर्दा उत्पादनहरूले आफ्नो मालको उचित मोल पाउन सक्दैन् फौवनजार वा दलाली गर्नेहरूले नै यसबाट फाइदा उठाउँछन्। यस कुरा हटाउन बेचविखन गर्ने सहकारी संस्थाको स्थापनाबाट नै हुनसक्छ। सहकारी संस्थाले आफ्ना सदस्यहरूको उत्पादन जम्मा गरी आफ्नो सदस्यहरूलाई अत्यधिक फाइदा हुनेगरि बिक्री गरि दिने छ। पैदावार संस्थामा ल्याएपछि गोदाममा थुपारिनेछ। र केही दाम उसलाई पेस्केको रुपमा दिइने छ। अरु बाँकी उचित मौल पाएपछि संस्थाले बिक्री गरि बाँकी तिरी दिने छ। संस्थाले उत्पादन जम्मा गर्ने गोदाम वा वैर हाउसिङ्गको पनि प्रबन्ध गर्ने, जात छुट्याउने, किसिमको मिलाउने र फलफूल सागपात र माछा-मासु संरक्षण गर्ने काममा रहेन संघ-सस्थाहरूको व्यापार सूचारु रुपले चलाउन चाहिने आवश्यक यन्त्रहरू र घर समेत खडा गरिदिनु पर्छ। गोदाम वा वैर हाउसिङ्ग तयार गर्ने खर्च सरकारले व्यहोरी दिनु पर्छ। यस्तो संस्थाहरूको कार्य सञ्चालन गर्ने राम्रो दक्षता भएको कर्मचारी हुनुपर्ने भएकाले तिनीहरूको निमित्त पहिलो ५ सालसम्म लागि सरकार तर्फबाट कर्मचारी खटाई दिने गर्नु पर्छ।

६. शहरदेखि धेरै टाढा गाउँमा रहने ग्रामीणहरूलाई नून, तेल, लत्ता, कपाडा, खाद्यान्न समेत सरल मोलमा राम्रो नापजाँच तौलमा उपलब्ध गराउन सहकारी उपभोक्ता संस्थाले पनि स्थापना गराउनु पर्छ।



किसानहरूले लिएर आएका गुनासो र समस्याहरू समाधान गर्नका निमित्त हदैसम्मको प्रयासहरू गर्ने छु। यिनै कुराहरूबाट शिक्षा लिएर अगाडि बढ्ने हो र एउटा धेय नेपाली किसानको जीवनस्तर माथि उठाउनु, ग्रामीण क्षेत्रको जनताहरू पनि शहरका जनताहरू बराबरको सेवा र सुविधामा बाँच्न सकुन, सबैको हैसियत बराबरमा उभ्याउनु मेरो व्यक्ति मात्र नभई मेरो संगठन अखिल नेपाल किसान महासंघको उद्देश्य पनि हो। त्यसको संयोजकको हैसियतले मैले केही काम पूरा गर्नको निमित्त आफूलाई समर्पित गर्न सोँच बनाएको छु।

**हाम्रो देश भौगोलिक हिसाबले पहाडै पहाडले घेरिएको छ। देशलाई कृषिमय बनाउनु पर्छ भनेर सरकार र यहाँहरूको महासंघ लागिरहेको छ। तर चुनौती छ। पहाडि भू-भागमा यान्त्रीकरणलाई कसरी जोड दिन सकिन्छ** ?

नयाँ कुनै विचारहरू लिएर अध्ययन गर्नु पर्दैन। सबैमा जग जाहेर छ। नेपाल हिमाल, पहाड र तराई समथर भु-भाग गरि ३ भागमा विभाजित छ। तराईमा धान, मकै, गहुँको खेती हुन्छ। यान्त्रीकरण गर्न पनि सजिलो छ। बसोवासको घनत्व पनि बनाउन सकिन्छ। विजुली, पानी र यातायातको सुविधा सजिलै पुऱ्याउन सकिन्छ। यसरी पहाडी क्षेत्रमा कसरी प्रयोग गर्ने भनेर योजना बनाउनु पर्छ। त्यहाँ छिटरिएको वस्ती छन्। यी छिटरिएको वस्तीहरू जब हामी ५० वटा शहर निर्माण गर्दैनौं त्यहाँका जनताले अवसरहरू पाउँदैन र सँधै गरिबीको घेरामा बाँच्नु वाध्य हुनु पर्छ। यदि यी कुरा पूरा गर्न सकियो भने अधिकांश ६० प्रतिशत भन्दा बढी ग्रामीण क्षेत्रको जनताहरू शहर केन्द्रीत भएर आउँछन्। बाँकी रहेको ४० प्रतिशत शहर आसपासका ठाउँहरूमा उनीलाई पुनर्वास गराई एकीकृत वस्ती निर्माण गरि राज्यबाट प्रदान गरिने खानेपानी, विजुली, खेल मैदान, स्वास्थ्य चौकी, अस्पताल जस्ता सेवा सुविधाहरू उपलब्ध गराउने काम सरकारले गर्नु पर्दछ। त्यसभन्दा उच्च पहाडि भू-भाग र हिमाली क्षेत्रको तल्लो भागमा सघन प्रकारको फलफूल, जडिबुटी, भेडा च्याङ्ग्रा पालन गर्ने योजना बनाउनु जरुरी छ। मध्य पहाडी भेगमा बाखा र भेडाहरू पालेर मासुको उत्पादन गरी बिक्री गर्न सकिन्छ। तराईसँग जोडिएका भू-भागहरूमा गाईभैंसी बँगुरहरू पालेर दूध र मासुको आपूर्तिलाई पूरा गर्न सकिन्छ। यसरी गर्ने हो भने नेपाल संसारको सबभन्दा सम्पन्न र नेपाली जनता संसारको सबभन्दा धनीको रुपमा रुपान्तरित हुन सक्छन् भन्ने किसान महासंघले जोड दिइएको छ।

**तलबाट नदिहरू बगेर खेर गईरहेको छ। तर माथि भागमा पानीको अभावमा खेती बाली सिँचाईं गर्न सकेको छैन। सिचाईंको अभाव पूरा गर्न के गर्नु पर्छ** ?

सिँचाईको अभाव पूरा गर्न लिफ्ट ईरिगेशन प्रविधि प्रयोग भईरहेको छ। थोरै पानीमा पनि सिँचाई गर्ने नयाँ-नयाँ प्रविधिहरू ड्रिप इरिगेशन थोपा सिँचाई प्रविधि आइरहेको छ।

जहाँ खोला नालाहरू छैनन् त्यहाँ वर्षामा बग्ने भललाई जम्मा गर्न ठूला-ठूला पोखरी निर्माण गरि वर्षाको पानी संकलन गर्ने। तिनै ठूला-ठूला पोखरीहरूबाट वेमौसमी खेती गर्नका निमित्त किसानले ड्रिप इरिगेशन गर्नको सकिन्छ। ईच्छा शक्ति, योजना बनाउने हो भने पानीको समस्या यन्त्र उपयोग र प्रयोगको समस्या ठूला कुरो हुँदै होइन। त्यसबाट पानीको मुहानहरूलाई लामो दीर्घजीवि भएर पानीको रिचार्ज गर्न सहयोग पुऱ्याउँछ। चन्द्र लोकमा पुग्ने मान्छे यस्तो सानोतिनो समस्याहरूको समाधान गर्न सक्छ। तर यो जनस्तरबाट गर्नको निमित्त सरकारको साथ र समर्थन हुनुपर्छ। सरकारले जनताको होस्टेमा हैसे गर्ने हो।

**नेपालको किसानहरूले कृषिवस्तुहरू उत्पादन गर्छन्। बजारमा पनि ल्याउँछन्। तर उत्पादन हुन्छ बजार पाउँदैनन् भन्ने उहाँहरूको गुनासो छ। जब बजारमा मूल्य राम्रो पाउँछन् विदेशी उत्पादनले सबै बजार भरिदिन्छ भनिन्छ। त्यस्तो खालको समस्याको समाधानको कसरी हुन सक्छ** ?

जुन समयमा मौसमी रुपमा उत्पादन हुने कृषिको बजार संसारमै सस्तो हुन्छ। बजारको निमित्त उत्पादन गर्ने भनेको टेबुल बनाएर उत्पादन गर्ने हो। कुन वस्तु लिफ्टिङ्ग भएर स्वतःस्फुर्त रुपमा उत्पादन बजारमा आउँछ। त्यसबेला मूल्य हुँदैन र त्यसबेला व्यवसायिहरूले ति वस्तुहरू उत्पादन गर्नु हुँदैन। यदि मौसमी रुपमा उत्पादन गरिरहेको छ भने त्यसलाई मौसमी उत्पादनलाई रुपान्तरित गरि डिपार्मेन्टल स्टोरहरूमा बेच्नु पर्छ। यदि बिक्री भएन भने पेष्ट लगायत विभिन्न परिकारहरू बनाई बिक्री राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा बेच्नु पर्छ। सरकारले त्यस्तो किसिमको प्याकेज कार्यक्रम ल्याउनु पर्छ। आवश्यकता अनुसार प्रशोधन गर्ने उद्योगको व्यवस्था गर्नु पर्छ। त्यसो गरेको खण्डमा बजार व्यवस्थित हुन्छ। मैले भनिसकेको छु अति आवश्यकीय वस्तुहरूको समर्थन मूल्य तोक्ने हो।

वस्तु उत्पादन गरी बजारमा बेच्दा बजारले निर्धारण गर्ने वस्तु विनिमयलाई खुल्ला बजार अर्थतन्त्र भनिन्छ। त्यसकारण खुल्ला बजार भएको संसारमा वस्तुको अभाव भयो भने वस्तुको वस्तुको मूल्य ह्वात्तै बढ्छ। यदि बजारमा धेरै वस्तु आयो भने वस्तुको मूल्य एकदमै घटेर सस्तो हुन्छ। सस्तो हुने बेलाको वस्तुलाई कसरी अर्को वस्तुमा रुपान्तरित गर्ने ? भनेर जोड दिनु पर्छ। खुल्ला बजार अर्थतन्त्रमा मूल्य खस्कियो भने सरकारबाट अनुदान दिने भन्ने त्यही हो। बजार पाइएन भन्ने कुरा होइन।

**चक्लावन्दीको कुरा आएको छ। कसरी एकीकृत गर्ने** ?

चक्लावन्दीमा गएपछि थोरै लागत धेरै उत्पादन गर्न सकिन्छ। बजारमा वस्तु प्रतिस्पर्धामा जान सकिन्छ। अहिले नेपालको कृषि उत्पादनमा किसानको कृषि वस्तुको मूल्य लागत बढी छ। लागत परेको वस्तु बढी मूल्यमा आएको हुनाले सस्तो वस्तु आईदियो भने उनीहरूको कृषि वस्तु बिक्दैन। त्यसकारण समस्या हल गर्ने हो। बाहिरकाले नाफा खान सक्छन् भने हाम्रो उत्पादन किन सस्तोमा बेचेर पनि नाफा खान सक्दैनन् भन्ने बारेमा किसानहरूलाई बुझाउनु पर्छ। त्यस्तो किसिमको नयाँ प्रविधि सिकाउनु पऱ्यो। त्यसो भयो भने समस्याको समाधान हुन्छ। छरिएर रहेको जमीनलाई राज्यले नै जिम्मा लिएर एकीकृत गर्ने हो। अनि मात्र नेपालको कृषि व्यवस्थित गर्न सकिन्छ।

**हाम्रो देश खाद्यान्नमा आत्म निर्भर थियो। तर आज हाम्रो देश अत्याधिक मात्रामा खाद्यान्न आयत् गर्ने देश मध्येमा पर्दछ। हामीले उत्पादन बढाएर रोक्न सकिन्छ वा उपभोग्य बानीलाई सुधार गरेर** ?

कृषि उत्पादन जटिल पेशा हो सजिलो छैन। हिजो हामीसँग श्रम बेच्ने वैकल्पिक उपाय थिएन। त्यसकारण सबै मानिसहरू फाइदा भएपनि नभएपनि खेती गर्न वाध्य थिए। अहिले अन्तर्राष्ट्रिय बजारमा सस्तो श्रम बेच्न पाइन्छ। युवा तन्नेरीहरू यो जटिल पेशामा लाग्नु भन्दा विदेशमा गएर श्रम बेचेर कमाई गर्न रुचाउँन थालेका छन्। जसले गर्दा पहाडी क्षेत्रको ठूलो भू-भागको जमीन बाँझो हुदै गएका छन्। तराईमा पनि अधियाँ, बटैया, गर्नेहरूले लौन मलाई देऊ कमाएर खान्छु भन्ने अवस्था रहेन। दुःखको पेशा कृषि भनेर

सार्वजनिक गरिसकेका छन् । जुन कार्यक्रमबाट धेरैभन्दा धेरै किसानहरू लाभान्वित भएका छन् । जसले गर्दा किसानहरू सस्तो व्याजको ऋण लिनका निमित्त उत्साहित भएको देखिन्छ । त्यो पनि मेरै कार्यकालमा अगाडि सारेको एउटा महत्वपूर्ण कार्यक्रम हो । तेस्रो खेतीपाती मात्र गर्ने होइन । पशुपालन तथा मत्स्यापालन पनि कृषि क्षेत्रमै पर्दछ । वन, जंगल पनि कृषि क्षेत्र भित्रै पर्दछ । यी कुराहरू कृषिसँग सम्बन्धित भएर उत्पादन गर्न सकिन्छ । वनलाई हरियाली राख्दै कृषिजन्य वस्तुहरू उत्पादन गरि किसानहरूको जीवनस्तर सुदृढ गर्न र आफ्नो आवश्यकता पूरा गर्नको निमित्त त्यसको प्रयोग गर्न सक्छन् भनेर मैले, मेरै कार्यकालमा कृषि वनको रणनीति निर्माण गर्नको निमित्त शुरु गरेको थिएँ । अहिले कृषि मन्त्रालयले कृषि वन नीति सार्वजनिक गरेको छ । यी महत्वपूर्ण उपलब्धी मेरो कार्यकालमा अगाडि सारिएको कार्यक्रमहरू हुन् । यस्तो अवस्थामा मैले युवा लक्षित अनुदान कार्यक्रम, डेरी उद्योगलाई अनुदान कार्यक्रम, मासुजन्य उत्पादनमा अनुदान कार्यक्रम, माछा पालनमा अनुदान कार्यक्रमको अभ्यास गरिएको थियो र जारी पनि छ । त्यो अनुदानले वास्तवमा नेपालको कृषि उत्पादकत्व पूर्ण रुपमा योगदान पुऱ्याउन नसके पनि तुलनात्मक रुपमा भएपनि योगदान पुऱ्याईरहेको छ मलाई लागि रहेको छ । अब अनुदानको स्वरुपलाई परिवर्तन गर्नु पर्छ ?

**यहाँले अनुदानको स्वरुप परिवर्तन गर्नु पर्छ भन्नु भएको छ । अब स्वरुप कस्तो हुनु पर्छ जस्तो लाग्छ ?**

अब अनुदानको स्वरुपलाई परिवर्तन गरेर आउटपुट वेसको रुपमा अनुदान दिने कार्यक्रम आउनु पर्छ भनेर महासंघले जोडदिँदै आएको छ । त्यसका निमित्त सरकारले समर्थन मूल्य तोक्ने, विशेष खाद्य पदार्थहरू धान, मकै, गहुँ, तेल, दाल, चिनी, तरकारी, आलु, गोलभेडा, हरियो सागपात इत्यादि खास-खास नभई नहुने खाद्य वस्तुमा समर्थन मूल्यमा जानु पर्छ भनिरहेको छु ।

जस्तै फलफूल, माछ-मासु जस्तो दैनिक उपभोग खाद्यवस्तुमा सरकारले समर्थन मूल्य तोक्नु पर्छ भनिरहेको छु । उदाहरणको लागि यदि बजार समर्थन मूल्य तोकेर गयो भने बजारमा मूल्य खस्कदै गएको खण्डमा समर्थन मूल्य बराबरको अनुदान किसानलाई दिने हो भन्ने हो । त्यसो गर्न सक्यौं भने किसान उत्पादनबाट भाग्दैनन् । उ निरन्तर उत्पादनमा लाग्छन् । उत्पादनमा निरन्र लाग्यो भने नेपालमा खाद्यान्नको अभाव कहिल्यै पनि हुँदैन । त्यसकारण अनुदानलाई परिवर्तित गर्नु पर्छ भनेको हो । अहिले दिइएको धेरैजसो अनुदानहरू ६० प्रतिशत सदुपयोग र ४० प्रतिशत दुरुपयोग भएका छन् । वास्तविक किसानले अनुदान पाइरहेको छैनन् । टाठा बाठाहरूले अनुदान प्राप्त नगरुन भन्नाको निमित्त उत्पादित वस्तुमा अनुदान दिनेगरी यस्ता नीति बनाइयो भने जसले बजारमा उत्पादन गरेर वस्तु ल्याउँछ । उसले अनुदान पाउँछन् । उदाहरणको निमित्त तपाईंले प्रतिदिन १० लिटर दूध बजारमा बेच्नु हुन्छ भने दूध बेच्ने डेरीबाट तपाईंको कार्ड बन्दछ । दूध बेचेको कार्डमा प्रतिलिटर अनुदान ५ रुपैयाँ दिने नीति बनाइयो भने १० लिटर दूधको ५० रुपैयाँ अनुदान प्राप्त गर्न सक्नु हुन्छ । यस्तै तपाईले ५ वटा खसी वर्षमा बेच्नुहुन्छ भने १ वटा खसी बराबरको १ के.जी मासुको रु २० रुपैयाँ अनुदान दिने हो भने ४०/४० के.जिको ५ वटा खसीको २ सय के.जी मासु बेच्नु हुन्छ भने पनि तपाईले त्यसबाट ४ हजार रुपैयाँ अनुदान प्राप्त गर्नु हुन्छ भन्न खोजेको हुँ । यो काम कृषि विकास मन्त्रालयका विज्ञहरूको काम हो । बजारको निमित्त उत्पादन हुने वस्तु र अन्य राष्ट्रको निमित्त नभई नहुने खाद्यान्न वस्तुलाई प्राथमिक तहको अनुदान दिने र सँग-सँगै सीमान्तकृत किसान, साना किसान भूमिहिन र दलित किसान जोसँग आफ्नो थोरै जमिन छ । अर्काको जमीन भाडामा लिएर कृषि कर्म गर्न चाहन्छन् वा उनीहरूसँग जमीन छँदै-छैन तिनीहरूले अर्काको जग्गामा भाडामा लिएर यदि कृषि उत्पादनमा संलग्न हुन चाहन्छन् भने त्यस्तो किसानहरू पहिचान गरि तिनीहरूलाई प्रारम्भिक उत्पादनमा पनि अनुदान दिने र उत्पादित वस्तुबाट बजारमा जाँदा पनि अनुदान दिने गरियो भने निम्न आयस्तर भएका किसान वर्ग आर्थिक रुपमा सुधार भई जीवनस्तर माथि उठ्छ । यस्तो किसिमको परिवर्तन गर्ने नीति बनाइयो भने यो अनुदानको गुनासो केही पनि देख्नु पर्दैन । बजार व्यवस्थापन सहज रुपमा उपलब्ध गराउन सकिन्छ । त्यही कुरो पहाडी क्षेत्रको निमित्त जुन तरिका र ढाँचाबाट तराईमा गरिएको हो त्यही विधि र प्रकृया पहाडका निमित्त उपयुक्त हुँदैन । उपयुक्त नहुने हुँदा पहाडको लागि सरकारले अलग्गै किसिमको नीति बनाइनु पर्छ ।

**पहाड र तराई भनेर कसरी छुट्याउने विविधकरण छ ?**

पहाडको निमित्त ५० वटा शहर निर्माण गरिनु पर्छ । मध्य पहाडी भू-भागमा ५० वटा ठुला-ठूला शहरहरू बनाईदिने हो भने ति शहरहरूमा प्रशासनिक कर्मचारी, व्यापारी, अस्पताल, स्कुल विश्व विद्यालयहरू खुल्छन् । उद्योगहरू खुल्छन् । त्यसले रोजगारीको क्षेत्र सिर्जना गर्छ । त्यहाँ किसानको उत्पादन बिक्री गर्ने बजार बन्छ र पहाडको जनशक्ति तराई झर्नुको सट्टा आफ्नै जन्मस्थान वरिपरिमा बस्न थाल्छन् । त्यहाँ पनि सेवा र सुविधा प्राप्त गर्न थालि सकेपछि अधियाँ गर्न झर्दैनन् आफ्नै भूमिमा आफ्नै किसिमले विभिन्न प्रकारको उत्पादन संलग्न हुन्छन् । त्यसका निमित्त सबभन्दा पहिले ५० वटा आधुनिक शहर निर्माण गरेर पहाडको जनसंख्यालाई त्यही केन्द्रीकृत बनाउने योजना सरकारले बनाउनु पर्छ । दोस्रो जस्तो किसिमको भू-भाग छ त्यस्तै किसिमको उत्पादनमा जोड दिनु पर्छ । त्यसो भनेको तराईमा धान, पहाडमा मकै हिमालमा फलफूल खेती गर्नु पर्छ । समथर भू-भाग भिरालो जमीनमा के-के खेती गर्ने ? पहिचान हुन जरुरी छ । एक पटक रोपेपछि १०/१५ वर्षसम्म बाली लिन सक्ने खेती गर्नुपर्छ । जस्तै कागती, सुन्तला, जुनार, मौसम अलैंची जस्ता विविध किसिमका बालीहरू उत्पादनमा जोड दिनु पर्छ ।

पहाडी क्षेत्रमा बीउ उत्पादन गर्ने सबभन्दा राम्रो कार्यक्रम बन्न सक्छ । र राष्ट्रलाई पनि यही चाहिएको छ । नेपालमा उत्पादन गरेको बीउ अन्तर्राष्ट्रिय बजारमा पनि बिक्री वितरण गर्न सकिन्छ ।

**कृषि क्षेत्रमा तपाईको योगदान यति धेरै छ । यो क्षेत्रमा लागेर के गर्न सक्छु भन्ने लागेको छ ?**

म किसान महासंघको संयोजक भएको नाताले विगतमा म सचिव, उपाध्यक्ष हुँदै हाल संयोजकको जिम्मेवारीमा आएको छु । १६ वर्षदेखि मैले किसान आन्दोलनमा सरिक भएर किसानको समस्याहरू धेरै नजिकबाटै हेरेको छु । निरन्तर यही आन्दोलनमा बिताएको छु । त्यो भन्दा पहिले पनि म आफै किसानको छोरो भएकोले शुरुदेखिनै किसानको समस्या थाहा थियो । तर त्यसलाई प्रणालीगत बुझ्ने र कसरी समाधान गर्ने भन्ने विषयमा प्रष्ट थिएन । जब यो आन्दोलनमा लागियो त्यसयता मैले धेरै कृषि शिक्षा प्राप्त गरेको छु । यद्यपी म अझै पनि पूर्ण भएको छु जस्तो लाग्दैन ।



७. भूमिहिन सुकुम्वासीलाई बाँझो पर्ति जग्गामा बसोवास गराउँदा धेरै कुराको सहुलियत दिनुपर्ने आवश्यक देखिन्छ । आफ्नै पूँजीबाट सबै कुरा गर्न उनीहरूको निमित्त प्राय: असम्भव हुन्छ । केही व्यक्तिहरूले त साहुसँग ऋण काटेर पनि जमिन आवाद गर्न सक्नेछन् । ५ वर्ष भित्रमा ऋण लिएर जग्गा खनजोत गरी आवाद लायक हुनेछ । जग्गाको मोलले ऋण तिर्न नपुग्ने जस्तो देखिए पछि तयार भएको सो जग्गा साहुले हड्प गर्नेछ । र उसको आर्थिक विकासमा कुनै सहायता हुने छैन । त्यस्तो नयाँ बसोवास गराइएको स्थानमा सरल व्याज दरमा ऋण उपलब्ध गर्न, कृषि उत्पादनको निमित्त आवश्यक विजन, मल, औजारको सहायता सहकारी संस्था खडा गराई संस्थाको निर्देशनमा अनुसार काम गर्ने गराउनु पर्छ । साथै नून, तेल, लता, कपडा र खाद्यान्न समेत सुलभ गराउने उपभोक्ता संस्थाहरूको पनि स्थापना गराउँन पर्छ । केन्द्रीय बैंक बेच विखन संघ र गोदाम समेतको प्रबन्ध गरि दि सदस्यहरूको उत्पादन जम्मा गर्ने सुरक्षित राख्ने र बिक्री गर्ने व्यवस्था गरि दिनुपर्छ ।

८. उपयुक्त उल्लेखित संस्थाहरू बाहेक अरु किसिमको विशेष संस्थाहरू पनि स्थापना हुन सक्छन् ।

क) सहकारी सिँचाई संस्थाले ज-जसको जमीन पटाइन्छ । ती सदस्यहरूद्वारा सानातिना बाघ, पैन, कुलो उनीहरूको केही मात्रामा पूँजी र श्रम समेत लगाई तयार गर्न सकिन्छ । तर, यस काममा नहर विभागको निकटतम् सहयोग र धेरै मात्रामा सहकारी आर्थिक सहायता प्रदान गरिनु पर्छ ।

(ख)) गृह निर्माण गर्ने तर्फ पनि सहकारी गृह निर्माण संस्था खडा गरि त्यस संस्थालाई आवश्यक पूँजी कर्जा दि घर तयार गर्न लगाउनु पर्छ । त्यस्तो घरमा बस्नेहरू संस्थाको सदस्य भै किस्तावन्दीबाट १५/२० वर्षमा त्यस घरको मौल भुक्तनी गराउनु पर्छ । त्यस्तो घरहरू भाडामा समेत दिने गराए पनि हुन्छ ।

ग) बली संरक्षण संस्थाले आफ्नो सदस्यहरूको बाली जंगली तथा घर पालुवा पशुपन्छी र अन्ननष्ट गर्ने किटाणुबाट बचाउने गराउनु पर्छ ।

घ) ज्यालादारी वा अरुहरूको पनि सहकारी विभाग वा वचत संस्था स्थापना गरि संकटकालीन अवस्थाको सामना गराउन अलि अलि वचत गराउने उनीहरूमा बानी लगाउने गर्नुपर्छ ।

ङ) आवश्यकता हेरि यस्तै अरु विशेष किसिमको संस्थाहरू जस्तो श्रमिक संस्था, वस सर्भिस, स्वास्थ्य सुरक्षा, वहुउद्देश्यीय संस्था, अन्न उत्पादन आदिको काम गर्ने ईत्यादि संस्थाद्वारा गर्ने गराउनु पर्छ ।

# कमी कमजोरी हटाउने : मन्त्री भुषाल

काठमाडौं मंसीर २२ नेपालको सरकारको पुनर्गठित मन्त्रीमण्डलका कृषि मन्त्री घनश्याम भुषालबीच कृषि पत्रकारहरूसँग



शुभकामना आदान प्रदान कायक्रम सम्पन्न भएको

उक्त शुभकामना भेटघाट कार्यक्रममा कारोवार दैनिकका पत्रकार किरण आचार्यले कृषि क्षेत्रमा कलम चलाउने पत्रकारहरू तर्फबाट मन्त्रीलाई कार्यक्रमको सफलताको शुभकामना गर्दै मन्त्रीले कृषि क्षेत्रको कलम चलाउने पत्रकारहरू बीच अझ सम्बन्ध बलियो हुँदै जाने बताए ।

मन्त्री घनश्याम भुषालले कृषि क्षेत्र सोचेको जसरी अगाडि बढ्न नसकेको बताउँदै ६० वर्षको राज्यको काम कारवाही कसरी बदलियो र बदल्ने सोँच अझै भईसकेको छैन । प्रशासनिक रुपमा चुस्त दुरुस्त गर्ने र त्यस पछि नयाँ कार्यक्रम गर्ने छु भन्नु भयो ।

मन्त्री भुषालले हामीले कृषिमा कसरी परिवर्तन गर्ने ? समृद्ध समाजवादको रुपरेखासम्म पुग्ने बाटो बनाउनु छ । मन्त्री भुषालले प्रदेश सरकार र संघीय सरकारको बीच समन्वय रहेनछ भन्ने महशुस गरेको छु । तथ्याङ्कमा समन्वय छैन । प्रदेश मन्त्री ज्यूहरूको महशुस गरेको छु । ''अब कुनै न कुनै तहको मेकानिज्मसम्म जान सक्छौं ।'' समन्वयको अभाव हटाउन सके महत्वपूर्ण काँटा हुने छ । सहकार्य र समान्वयत्मक मेकानिज्ममा जान्छौं । ''तपाईहरूले धेरै नजिकबाट हेर्नु भएको होला, पारदर्शी हुने छ ।'' कृषि क्षेत्र लगायतको पत्रकारहरूसँग धेरै अनुभवहरू

पुस महिनाको कृषि कर्म

**खेतीपाती**

-हिउँदे आलुलाई उकेरा दिई सिँचाई गर्ने ।
-तल्लो पहाडी भेक र तराईमा प्याज रोप्ने ।
-आलु, गोलभेंडालाई डढुवा रोगबाट बचाउन सिफारिस गरिएको विषादि छर्ने ।
-असोज-कार्तिकमा लगाइएको हिउँदे मकैलाई गोडमेल गरी सिँचाई गर्ने ।
-गहुँ छरेको २१-२५ दिनभित्र पहिलो सिँचाई गरी युरिया ३ के.जी. प्रति रोपनीको दरले प्रयोग गर्ने ।
-पतझड फलफूलमा (स्याऊ, अंगुर, किवी आदि) काँटछाँट गर्ने ।
-मौरीलाई चिसोबाट बचाउने र आवश्यक भएमा चिनी चास्नी दिने ।
-मुसुरो बालीमा झारपात हटाई सिँचाई गर्ने ।
-काउली बन्दा वर्गको तरकारी लगाउँदा माटोमा बोरेक्स नमिसाएको भए २ ग्राम बोरेक्स/लि. पानीमा मिसाई स्प्रे गर्ने ।
-बेमौसमी तरकारी काँक्रो, फर्सी, लौका उत्पादन गर्नको लागि प्लाष्टिक टनेलमा बेर्ना जमाउने
-हिउँदे मकै गोडमेल गरी युरियाले टप ड्रेसिङ्ग गर्ने ।
-सुन्तला र जुनारमा कलमी गर्ने ।

**पशुपालन**

-छिटो बढ्ने डाले घाँसको कटिङ्ग सार्ने ।
-जडोको समयमा मनतातो कुँडोसँग खनिज मिसाएर खुलाउने तथा निश्चित मात्रामा नुन दिने ।
-वर्षयाममा हरियो घाँसबाट बनाएको साइलेज खुवाउन शुरु गर्ने ।
-पशुवस्तुलाई चिसोबाट जोगाउन गोठलाई सुकेको ढोँड, कोदोको नल वा गहुँको छ्वालीले बेर्ने ।
-गाई भैंसीलार्य ािमरल ब्लक चटाउन।

# मकै खेती उन्नत प्रविधि

**महत्व :**

◆मकै पहाडको लागि सबैभन्दा प्रमुख खाद्यान्न मानिन्छ र नेपालको दोश्रो महत्वपूर्ण बाली हो। यो कार्वोहाइड्रेट र क्यालोरीको प्रमुख स्रोत मानिन्छ।

◆मकैको पिठो खासगरी रोटी, ढिडो र गेडा भुटेर उसुनेर र हरियो मकै पोलेर वा उसुनेर खाइन्छ।

◆मकैको बोट घाँसको लागि उपयुक्त हुन्छ र बाँकी बचेको डाठहरु बाल्न प्रयोग गरिन्छ।

◆उद्योगको लागि मकैको तेल, ग्लुकोज र स्टार्च निकाल्न मकै प्रयोग हुन्छ।

◆नेपालमा कूल मकैको क्षेत्रफल ८५००००हे.छ र उत्पादन १७१६००० मे.ट.छ। त्यसैले उत्पादकत्व २.०१ छ।

**मकै खेतीमा कम उत्पादन हुनुको कारणहरू**

◆सिमान्त जग्गामा उब्जनी गरिन्छ।

◆माटोमा पौष्टिक तत्वको कमी

◆भू-क्षयका कारणहरू

◆पानीको अभाव

**बिभिन्न किसिमका मकै हुन्छन्**

(१) डेन्ट कर्न: नरमे पिठो भएका

(२) फ्लिन्ट कर्न: कडा दाना

(३) पप कर्न: फुला उठ्ने

(४) स्विट कर्न: गुलियो

(५) वाक्सि कर्न: मैन युक्त

(६) बेवी कर्न:

**(क) जलवायु र माटो**

यो न्यानो अथवा उष्ण हावापानीमा सुहाउँछ। तर सबै ऋतुहरूमा लगाइन्छ (Photo insensitive)। यो शितोष्ण क्षेत्रहरूमा गृष्म ऋतुहरूमा लगाइन्छ। र नेपालमा ९,००० फीट उचाईसम्म लगाईन्छ। नेपालमा मकै धेरैजसो हिउँदपछि लगाइन्छ र मनसुनको अन्त्यतिर पाक्छ। हिउँदे मकै चहकिलो घाम, मध्यम तापक्रम र राम्रो सिँचाईले गर्दा सामन्य मकै भन्दा बढी फल्दछ।

**माटो :-**

मकै पानी नजम्ने खाला वा बारीको लागि राम्रो हुन्छ। यसको लागि प्रयाप्त चिस्यान आवश्यक पर्दछ। राम्रो निकास र प्राङ्गारिक पदार्थ भएका दुमट अथवा हलुका दुमट राम्रो हुन्छ तर सबै किसिमका माटोमा मकै लगाउन सकिन्छ।

**(ख) जमीनको तयारी :**

जमीन जोत्नु भन्दा पहिले कम्पोष्टको प्रयोग गर्ने यो १०-१५ टन प्रति हे.का दरले प्रयोग गर्नु



पर्दछ। २ पटक जोत्ने /एकपटक तयारी खनजोत र अर्को पटक मकै रोप्न भन्दा अगाडी जोत्ने।

**(ग) गोडमेल,छाँट्ने, उकेरा दिने र पात लुछ्ने :**

**किन ?**

◆झारपातहरू नियन्त्रण गर्न

◆माटोलाई बुर्बराउँदो बनाउन

◆बोटको संख्या कायम गर्न

◆पानी जम्न नदिन

◆मलखाद दिन

**पहिलो गोडमेल :**

४-५ पाते अवस्था वा २-३ हप्तापछि

**दोश्रो गोडमेल र उप्केरा :**

◆मकैको बोट घुँडासम्म आउँदा दोश्रो गोडमेल गर्ने र उप्केरा पनि दिने

◆बढी बोटहरू हटाई उचित बोट काम गर्ने

◆कुलेसो बनाउने

◆उप्केरा लगाउनु अघि नाइट्रोजनले टपड्रेस गर्ने र सिँचाई दिने

**पात लुछ्ने :**

◆मकैको घोगाभन्दा मुनिका पातहरू मात्र लुछ्ने

◆मकै पाक्ने बेला भो भने मात्र पात लुछ्नु पर्दछ।

◆मकै सुकिसकेपछि मात्र टुप्पा काट्ने।

**(घ) बीउको उपचार :**

२ ग्रा.प्रति के.जी.का दरले क्याप्टेन वा एग्रोस जि.एन.प्रयोग गर्न सकिन्छ।

**(ङ) बीऊ रोप्ने तरिका :**

◆हलोको सियो पछाडि

◆कुटो कोदालोको पछाडि

◆सिड ड्रील द्वारा

◆मकै प्लान्टद्वारा

◆खाडल वा डोब बनाई

खाडलमा रोप्दा करीब २० से.मि.गहिरो र २५ से.मि. चाक्लो खाडलमा कम्पोष्ट मल २५० ग्रा. र केही रासायनिक मल प्रति खाल्डा हाल्ने। खाडलको दुबै छेउतिर मकैको बीउ रोप्ने र ५ से.मि गहिराईमा रोप्ने। यसरी रोप्दा खाडल-खाडलको दूरी ७५ से.मि. हुनुपर्दछ।

नेपालमा सिफारिस अनुसार लाइन-देखि लाइनण्ज्ञछण्दूरी ७५ से.मि. र बोटदेखि बोटको दुरी २५ से.मि.को दरले ५०००० बोट/ हेक्टर लगाउन सकिन्छ।

२० के.जी/जबदेखि २५ के.जि./जबका दरले बीउ प्रयोग गर्न सकिन्छ।

**(च) सिँचाई :**

किन ?( Transpiration _

**सिँचाई दिने तरिका**

(१) फ्लडिङ

(२) गह्रा,कान्लाद्धारा नियन्त्रित मलपानीको सहायताले

(३) कुलेसो

(४) झर्ना (Sprinkle)

सीमित वर्षा र सिँचाईको लागि अपर्याप्त पानी भएका २-५ पटक सिँचाई दिनुपर्दछ।

**सिँचाई दिने तालिका**

◆बिरुवा लगाउँदा

◆बिरुवा बढ्ने अवस्थामा

◆फुल फुल्ने अवस्थामा

◆दाना लाग्ने अवस्थामा

◆पाक्ने अवस्थामा

◆फूल फुल्ने समय र गेडा लाग्ने समयमा पानी जम्नु हुँदैन।

**(छ) मकैको झारपातको नियन्त्रण :**



# अनुदानको गुनासो केही पनि देख्नु पर्दैन

*नेपालमा कृषि क्षेत्रको अवस्था, विगत, वर्तमान, भविष्यमा, कृषि यान्त्रीकरण, किसान माथि परेको समस्याको समाधान, कृषि अनुदान, मन्त्री हुँदा पुऱ्याएको योगदान, संगठनको भावी नीति तथा कार्यक्रमका विषयमा पूर्व कृषि मन्त्री, अखिल नेपाल किसान महासंघका संयोजक तथा कृषि विज्ञ, **हरि पराजूली**सँग कृषि जर्नल मासिकका लागि **धनबहादुर मगर**ले गरेको : कुराकानीको प्रस्तुत अंश :*



***हरि पराजूली***
*पूर्व कृषि मन्त्री,*
*संयोजक*
*तथा अखिल नेपाल किसान महासंघ*

**संयोजक ज्यू हाम्रो देशको कृषिलाई महासंघको तर्फबाट कसरी हेर्नु भएको छ ?**

अखिल नेपाल किसान महासंघले विशेषत: किसानहरूको हक, हीत र अधिकार प्राप्तीका लागि देशभरका किसानहरूलाई संगठित गर्दै सरकारसँग किसानमैत्री कार्यक्रम निर्माण गर, पारित भएका ऐन नियमहरू कार्यन्वयन गर, महासंघलाई सरकारको कार्यक्रममा सहभागी गराउ भन्दै आएका छौं।

देशमा १ खर्ब ३० अर्बको खाद्य जन्यवस्तु वाह्य मुलुकबाट भित्रिन्छ। यस्तो परिवेशमा नेपाली किसानहरूलाई अधिकार सम्पन्न बनाउन र किसानहरूलाई कृषि क्षेत्रमा काम गर्ने गरि प्रोत्साहित गर्नु भयो भने हामीले सम्पूर्ण उत्पादन हाम्रा किसानहरू मार्फत गराउन सक्छौं। जसले गर्दा वैदेशिक व्यापार घाटा पनि कम हुन्छ र उत्पादकत्व वृद्धि भएर मुलुक खाद्यान्नमा आत्मनिर्भर बन्न सक्छ भन्ने अभियानको नेतृत्व किसान महासंघले गर्दछ भन्दै पनि आएका छौं।

**यहाँले कृषि क्षेत्रमा धेरै लामो समय काम गरेर अनुभव गरिसक्नु भएको छ। हिजोको कृषि र आजको कृषिमा के भिन्नता पाउनु भएको छ ?**

हिजोको कृषि विशेषत: किसानहरूको हक, हीत र अधिकारको निमित्त कृषि क्रान्ति भनिरहँदा, 'जमिन कस्को, जोत्नेको' भन्ने नारामा आधारित थियो। हामीले कृषिका कार्यक्रमहरू सञ्चालन गर्ने गर्दथ्यौं। तर अहिलेको परिस्थिति परिवर्तित भएको छ। त्यो बेलाको सामन्तवाद विरोधी आन्दोलनमा जनवादी क्रान्ति सम्पन्न गर्नको निमित्त चिनबाट शुरु भएको जनवादी क्रान्तिलाई अभिन्न अंगको रुपमा कृषि क्रान्तिको कार्यक्रमलाई समावेश गरिएको थियो। अहिले मुलुक सामन्तवादबाट परिवर्तित भएर पूँजीवादी व्यवस्थामा रुपान्तरित भएको छ। पूँजीवादको प्रारम्भमा अहिले नेपाली समाज उभिएको छ। अब यो पूँजीवादी व्यवस्थामा उभिएको नेपाली समाजको आवश्यकताहरू हिजोको सामन्तवादी व्यवस्थामा भन्दा भिन्न छ। उत्पादन सम्बन्धको परिवर्तनले आजको शक्तिहरूको चरित्रमा पनि परिवर्तन गर्नु पर्छ भनेर त्यसै अनुसार आजको पूँजीवादी युगमा गरिने हरेक उत्पादन हिजोको जस्तो हुँदैन। हिजो हामी निर्वाहका लागि आफूलाई भरपेट खान पुग्ने गरि उत्पादन गर्ने लक्ष्य राख्थ्यौं। अबको हाम्रो उत्पादन भनेको आफूलाई खानाको निमित्त मात्र होइन त्यसलाई बिक्री गरेर बजारबाट मुद्रामा रुपान्तरण गर्ने र आफ्नो अन्य आवश्यकता खानासंग सम्बन्धित मात्र होइन अन्य आवश्यकताको परिपूर्ति गर्नुपर्ने अपरिहार्य भएको छ। जसले गर्दा कृषिमा अब परम्परागत निर्वाहमूखी खेती प्रणालीमा होइन, व्यवसायिक, बजारमूखी खेती प्रणालीमा परिवर्तन हुन जरुरी छ। जुन अवस्थाले हामीलाई परिवर्तनमा पुऱ्यायो। त्यही अवस्था अनुकुल अब हामी हरेक उत्पादनलाई बजारको निमित्त उत्पादन गर्ने भयौं र लागेको छौं।

यसका निमित्त नेपालको कृषि भूमि हाम्रो निमित्त समस्याको रुपमा उत्पन्न भएको छ। त्यो के हो भने अहिले कृषि क्षेत्रमा ३७ लाख परिवार संलग्न छन्। ति ३७ लाख परिवारसँग २ करोड ३५ लाख कित्ता जमिन छ। यसरी टुक्रा-टुक्रा भएको जमीनमा व्यवसायिक कृषि गर्दा उत्पादन लागत बढ्ने हुन्छ। उत्पादन लागत बढ्यो भने बजारमा प्रतिस्पर्धा गर्न सकिदैन। हाम्रो उत्पादन बजारमा सस्तोमा बेच्न सकिदैन। त्यसैले सबभन्दा पहिले अहिले किसान महासंघले के कार्यक्रम अगाडि सारेका छौं भने अब व्यवसायिक कृषिका निमित्त कृषि भूमिको व्यापक चक्लावन्दी गर्ने हो भनेका छौं।

चक्लावन्दी गरि सकिए पछि हामीले गर्ने उत्पादन सस्तो सुलभ र बजारमा प्रतिस्पर्धा गर्ने गरि उत्पादन गर्न सक्दछौं। यिनै परिवर्तन हिजोको भन्दा आज भएको परिवर्तन हुन्।

विशेषगरि निर्वाहमूखी खेती प्रणालीको ठाउँमा आधुनिक, व्यवसायिक खेती प्रणाली अपनाउनु पर्ने नयाँ अवस्था सिर्जित भएको छ। टुक्रा-टुक्रा रुपमा विभाजित भएको भूमिलाई फेरि एकीकृत गरी चक्लावन्दी मार्फत सामूहिक सहकारी कृषि खेती गर्नु पर्ने अवस्था सिर्जना भएको छ। यहि दुई परिवर्तित अवस्थामा उत्पन्न भएको परिस्थितिहरू हुन्। यिनैलाई मध्यनजर गरि हामी, हाम्रो कृषि व्यवसायलाई परिवर्तित गर्दै अगाडि बढीरहेका छौं।

**यहाँले कृषि विकास मन्त्रालयको नेतृत्व सम्हाली सक्नु भएको छ। नेपाल सरकारको अधिनमा रहँदा र महासंघको अधिनमा रहँदा, किसान साथीहरूको बीचमा काम गर्दा समन्वय पुगेन भन्ने आवाज आएको छ। किसानहरूले आफूले पाउने अनुदान वास्तविक किसानले पाएनन् भन्ने गुनासाहरू आइरहेको छ। यहाँ महासंघको संयोजक भएको नाताले के भन्नु हुन्छ ?**

म हिजो मन्त्रीको हिसाबले बस्दा पनि किसानको कार्यकर्ता, नेताको रुपमा त्यहाँ गएको हुँ। म त्यहाँ गएपछि सबभन्दा पहिले कृषि उत्पादनमा विमाको व्यवस्था गर्नको निमित्त किसानले तिर्नु पर्ने प्रिमियम वापतको रकममा ७५ प्रतिशत नेपाल सरकारले अनुदान दिने गरि व्यवस्था गरियो र अहिले ठूलो मात्रामा कृषिमा विमाको कार्यक्रमको प्रारम्भ भएको छ। यो खुशीको कुरा हो। अर्कोतर्फ मैले किसानहरूलाई अनुदान भन्दा पनि सस्तो व्याजमा ऋण उपलब्ध गर्न उचित हुन्छ भनेर मेरै कार्यकालमा पहिलो पटक ५ प्रतिशत व्याजदरमा कृषि ऋण उपलब्ध गराउने नीति ल्याएको हो। जसले गर्दा अहिले झण्डै यस वर्ष ४० अर्ब रुपैयाँ सस्तो व्याजमा कृषि ऋण वितरण भईसकेको बैंकहरूले

# बाँचुन्जेल बँगुर पालन गर्छु : गणेश डाँगी

गणेश डाँगी बँगुर पालक कृषक हुनुहुन्छ । उहाँको जन्मस्थान दाङ जिल्ला हो । दाङमा स्थायी घरभई हाल काठमाडौंको सतुंगल-१०, चन्द्रागिरी नगरपालिकामा स्थानीयको जमिन भाडामा लिई विगत १० वर्षदेखि उहाँ सपरिवारसँगै बँगुर पालन गर्दै आएका छन् ।

उनलाई सफल कृषकको रुपमा हेरिन्छन् ।

गणेश डाँगी वैचारिक रुपमा नेपाली काँग्रेस निकट हुनुहुन्छ । हक्की स्वभावको डाँगी नेताको गुलाम नगरेको कारण राजनीतिमा पछि परेको महशुस डाँगीमा रहेको छ । प्रजातान्त्रिक व्यवस्थामा जुनसुकै विचारधारा राखे पनि उहाँ जस्तो व्यक्ति देशको लागि अति आवश्यक छ । कृषिमा निरन्तर अथक मिहिनेत गर्नु हुने डाँगी अरु जसरी नेताहरूको पछि लागेर अनुदानको लागि झोलामा कागज र फाइल बोकेर भौतारिरहनु हुन्न । आफ्नै कर्ममा विश्वास गर्ने डाँगीले सानै भएपनि नेपालको कृषिमा योगदान पुऱ्याउँदै आउनु भएको छ । त्यस अर्थमा डाँगीलाई नेपालको कृषि क्षेत्रमा गुमनामको कृषक भन्दा पनि फरक पर्दैन । प्रजातान्त्रिक विचारधारामा प्रभावित भएर २०३५/३६ सालतिर नेपाली काँग्रेसका नेता खुमबहादुर खड्कासँगै राजनीतिमा लाग्दै आएको बताउने डाँगीको जीवनमा विद्यार्थी जीवन पछि शिक्षक, निजी क्षेत्रको कर्मचारी र कृषक हुँदै गुजार्नु भएको छ । नेपाली काँग्रेसको निकट भएकै कारण आफ्नो गृह जिल्लामा २०५२ साल पछि माओवादीको जनयुद्धको प्रभाव पऱ्यो । डाँगीलाई १० वर्षको द्वन्द्वकाल भरि दाङको आफ्नो घरमा बस्ने वातावरण बनेन । २०५५ सालमा जन्मस्थान छोडेर काठमाडौं आउनु भयो । काठमाडौं आएपछि काम र मामको लागि विभिन्न ठाउँमा भौतारिनु पऱ्यो । सोही अवधिमा डाँगीले जागिर छोडेर कृषि पेशालाई रोजे । कृषि पेशालाई किन रोजे भन्ने कुरा रोचक छ । २०५६ सालमा ललितपुर स्थिति पञ्चकन्या ग्रुपमा जागिर खानु भएका डाँगी त्यहाँबाट जागिर छोडेर तरकारी खेती कुखुरा पालन हुँदै बँगुर पालनमा लागे र हाल गाई पालन समेत गर्दै आउनु भएको छ । डाँगीले हाल ह्याण्डी क्राफ्ट एग्रो प्रा.लि. नामक संस्था कम्पनीमा दर्ता गरेर आफ्नो व्यवसायलाई अगाडि बढाउनु भएको छ ।

दाङ जिल्ला बबई गाउँपालिका हाल राप्ती सुनारीका, डाँगी काठमाडौंमा पनि घरेडी जोड्न सफल हुनु भएको छ ।

आफ्नो सबै परिवारका साथ कृषि व्यवसाय गरिरहनु भएको छ । उहाँलाई साथ दिईरहेको छ श्रीमती छोरा-छोरी सबैले । कृषिमा केही गर्न सकिदैन भन्नेहरूका लागि उहाँ उदाहरणीय कृषि व्यवसायी बन्न सफल हुनु भएको छ । २०५५ सालमा साँढे तीन लाखमा फर्म सहित ९ वटा बँगुरबाट शुरु गरेको उक्त फर्ममा हाल ४५ वटा बँगुर रहेका छन् ।

२०३८ सालदेखि राजीनीतिमा लागियो "गलत बाटोमा लागे जस्तो महशुस भयो ।" किनकी हामी जस्तो सोझो मान्छेलाई सोझो ढङ्गले राजनीति नफाप्ने रहेछ । राजनीति गर्ने कि सबै कुरा सम्पन्नशालीले गर्दा हुँदो रहेछ, कि त केही पनि नहुनेले गर्दा हुन्छ । डाँगीले भन्नु भयो ।

जागिर छोडेर बँगुर पालन व्यवसायमा लाग्दा सन्तुष्ट हुनु हुन्छ ? भन्ने प्रश्नमा उहाँ भन्नु हुन्छ "सन्तुष्ट छु ।" वार्षिक कारोवार कति गर्नु भएको छ भन्ने प्रश्नमा १२ लाखको हाराहारीमा हुन्छ र वर्षमा लागत कटाउँदा ५ लाख बच्छ ।

अन्य कृषि र बँगुर पालनमा कस्तो फरक छ नि भन्ने प्रश्नमा विगतमा कुखुरा पालन र तरकारी खेती पनि गरियो । तर बँगुर पालन गरे जस्तो अरु खेतीमा हुँदैन रहेछ । अहिले ५ वटा गाई पनि पालेको छु । सामान्य घर खर्च दूध बेचेर पनि चलेको छ । गाई पालनबाट दूध बेचेर वर्षमा ४०/५० हजार खर्च कटाएर बच्छ । तपाई बँगुर पालनमै किन लाग्नु भयो ? तपाई त क्षेत्रीको छोरो, साँस्कृतिक रुपमा पनि मिल्दैन भन्ने पश्नमा, पहिलो कुरो म मगर जाति वाहुल्य भएको ठाउँमा जन्मे, हुर्के, बढें । दोस्रो कुरो आर्थिक आर्जन गर्न सहज हुन्छ भनेर बँगुर पालनमा लागें ।



✍धनबहादुर मगर

प्राविधिक रुपमा समस्या छ कि भन्ने प्रश्नमा छोरी नै भेटरीनरी पढेकी छिन् र आफै पनि बँगुर पालन गर्दा धेरै कुराहरू अनुभव गरेको छु ।

देशमा कृषि क्षेत्र सोचे जसरी किन बढ्न सकेन तपाई त यो क्षेत्रमा अनुभवी हुनुहुन्छ भन्ने प्रश्नमा डाँगीले भन्नुभयो "सरकारकै नीतिको कमजोरीले अगाडि बढेन भन्नु हुन्छ । उहाँले दावीका भन्नुभयो "कृषकको कमी कमजोरी होइन ।"




कृषकहरूले क गऱ्यो भन्ने कुरो हेर्नु पऱ्यो ।

तपाईले छोरालाई भारतको कानपुर विश्व विद्यालयबाट कृषि इन्जिनियरिङ्ग पढाएर सकाउनु भएको छ । छोरीलाई पनि भेटरिनरीमा बिएस्सी एजीमा पढाउँदै हुनुहुन्छ । सामान्य आयस्रोत भएको व्यक्ति कसरी सम्भव हुन्छ ? यसरी उच्च शिक्षा हासिल गराउनमा भन्ने प्रश्नमा डाँगीले भन्नुभयो बँगुर पालन गरेरै पढाएको हुँ । खर्चको हिसाब गर्ने हो भन त डेढ करोड सकियो होला । माहिली छोरी सुशीला डाँगी दाङकै बबई बहुमुखी क्याम्पसमा भ्याचलर पढ्दै छिन् । यी सबै सम्भव भयो त भन्ने कुरामा "कृषिबाटै सम्भव भएको हो भन्नु हुन्छ ।" कृषिबाट कमाएर खर्च चलायौं, संसारमा पैसा मात्र ठूलो कुरो होइन ।

भविष्यको योजना बताई दिनुहोस न भन्ने प्रश्नमा सम्भवतः छोराछोरी पनि कृषि क्षेत्रकै अध्ययनमा केन्द्रीत भएकोले हाम्रो परिवार मिलेर कुनै आधुनिक कृषिको अध्ययन संस्थान स्थापना गर्नेतिर लाग्छौं कि भन्ने सोँच आएको छ । "परिवार मिलेर कृषि मै केही नयाँ कार्यक्रम गर्छौं होला भन्ने सोँच छ ।" छोरालाई भारतमा राम्रो स्यालरी दिन्छु भनेर बोलाएको छ तर, हाम्रै देशमा गर्ने हो ।"

तपाईको सोँच चाहीं बताई दिनुस न 'कृषि, पर्यटन नगरी पेट भर्न सकिदैन । म "चाहीं बाचुन्जेल बँगुर पालन गर्छु ।"



(१) हातले गोड्ने
(२) अलाक्लोरको प्रयोग : ५० ई.सि,२-३ लि./हे, दरले ४०० लि.पानीमा मिसाई मकै उम्रनु अगाडि ४ दिन भित्र प्रयोग गर्ने ।
(३) एट्राजिन: १-४ दिन भित्र ५० WP ३- ४ के. जि./हे.का दरले ४०० लि.पानीमा मिसाई प्रयोग गर्ने ।
(४) अथवा मकै उम्रनु अगाडि सिमाजिनको प्रयोग गर्ने

**(ज) मलखाद :**

कम्पोष्ट वा गोठेमल-१०, टन /हे.

सिफारिश: ६०-८० के.जि. N ३०-४० के.जी P र १०-२० के.जि K मध्यम उर्वरा शक्ति भएको माटोमा (वर्षे मकैको लागि) र ८०-१२० N ५०-७५ P र ३०- ५० के.जि.K हिउँदेको लागि

**मलखाद प्रयोग गर्ने तरिका :**

(१) पूरै P र k + १/३ n - रोप्दा
(२) १/३ N- घुंडासम्म आउने अवस्थामा
(३) १/३ N-टासेल बन्ने बेलामा -( Tasseling Stage)

**(झ) बाली कटानी :**

गेडा छाम्दा दूध आउन छाडेपछि वा सिल्क निस्केको ६०-५० दिनमा
◆३०-३५% चिस्यान भएमा

**(ञ) मकैका बिरुवामा पौष्टिक तत्वहरूको कमीका लक्षणहरू :**

**नाइट्रोजन :**

बिरुवाको वृद्धि अवरुद्ध हुने र पातहरू माकुराको जालो जस्तो बन्ने/पहेंलो हुने गर्दछ । सबैभन्दा पहिला पुराना पातहरूले टुप्पादेखि मध्यभागतिर Vआकारमा फैलदै हलुका पाराले रङ्ग देखाउँछन । पछि सबै पातहरू पहेंलिने र सुक्ने हुन्छ ।

**फस्फोरस :**

टुप्पाबाट भित्रतिर फैलदै गरेको बैजनी वा रातो रङ्ग देखा पर्दछ । बाली ढिलो पाक्छ र यसको कमीले रिक्त दाना, अनियमित दानाको बनोट हुन्छ ।

**पोटासियम :**

पुराना पातहरूका किनाराहरू टुप्पाबाट फेदतिर फैलदै पहेंलिने हुन्छ । उल्टो V आकारमा फैलिएको हुन्छ ।

**क्याल्सियम :**

मकैका पातहरू निस्कन दिँदैन र निस्केको खण्डमा पनि बेरिएर रहन्छन् । पातका टुप्पाहरू भऱ्याङको आकृति बनाउँदै एक अर्को प्रति टाँसिन्छन् ।

**म्याग्नेसियम :**

यसको कमी बढी अम्लिय र बलौटे माटोमा देखिन्छ । कलिलो अवस्थामा पूराना पातहरू शुरुमा पहेंला देखिन्छन् र क्रमश: पातका नशाहरूको बीचका मध्य भागले हलुका पहेंला वा सेतो रङ्ग देखाउँछन् । जबकी नशाहरू लामा धर्साहरूको रुपमा हरियै रहन्छन् । अतिसार अवस्थामा मकैका टुप्पाहरू र किनाराहरू मर्दछन् र नशाहरूको बीचमा लामा धर्साहरू छाड्छन् ।

## पीडा ब्रोइलर ..........

अहिले ब्रोइलर कुखुरा पालकहरूको अवस्था, नीतिगत कुरा स्पष्ट नहुँदा पनि उत्पादक किसान र व्यापारी मारमा परेको, सरकारले पोल्ट्री क्षेत्र अर्न्तगतको ब्रोइलर कुखुरा पालक व्यवसायीहरूलाई आत्मनिर्भरताको नाममा अनुदान र उचित ऋण प्रवाह नगरेको गुणासो गर्दै आएको छ ।

देशमा ब्रोइलर कुखुराको मासुको उत्पादन र खपत अवस्था कति हो, व्यवसाय गर्न कति लागत लाग्छ ? ति तथ्याङ्कहरू अनुमानसम्म नगरी हचुवाको भरमा व्यवसाय गर्दा पनि व्यवसाय जोखिममा परेको छ भन्ने विज्ञ व्यवसायीहरूले आफ्नो दृष्टिकोण राख्दै आएका छन् । उत्पादक किसानलाई प्रोत्साहन गर्नुपर्छ लागतका आधारमा उचित मूल्य, बजारीकरण समेत फोकस गर्नुपर्ने हो । अहिलेसम्म यो क्षेत्रमा सरकारले कुनै नीतिगत कुराहरू स्पष्ट पार्न सकेन भन्ने छ ।'

*एक सरकारी अधिकारिका अनुसार उत्पादन लागत निर्धारण र बजारीकरण लगायतका समस्या गम्भीर रुपमा उठेपनि बजारमा हस्तक्षेप गर्न नसकिने बताए । उखु, धान लगाएतका केही प्रमुख बालीहरूको कृषि उपजमा सरकारले समर्थन मूल्य निर्धारण गरपनि मासु र अण्डाको समर्थन मूल्य निर्धारण गर्ने कार्यविधि नभएको बताएका छन् ।*

मासु र अण्डा उत्पादक किसान पोल्ट्री फार्महरूले यस क्षेत्रको समस्याको बारेमा सरकार गम्भीर नभए सडक आन्दोलन गर्ने चेतावनी दिएका छन् । अहिले दाना र उत्पादन लागत बढेपनि मासु र अण्डाको मूल्य नबढ्दा व्यवसायी किसानहरू पेशाबाट नै पलायन हुन पर्ने पीडा रहेको पाइन्छ । श्रमको मूल्य बाहेक दानाको मूल्य ३४०० पुगेर किसानहरूले उल्टै घाटा बेहोरेर कुखुराको मासु र अण्डा बजारमा पठाउनु परेको तथ्य खुलेको छ ।

साना व्यवसायी ठूलो मर्कामा छन् । व्यवसायीले व्यवसायीलाई नै व्यवसायमा धरासायी बनाउन खोजेको आरोप प्रत्यारोप लगाईरहँदा एकजुट नभए यसको फाइदा विदेशी उत्पादनले लिने चेतावनी दिएका छन् । तीन वर्षअघि मासु र अण्डा उत्पादक किसानले प्रतिगोटा अण्डा र प्रति केजी मासुमा १२ रुपैयाँ पाउने गरेपनि अहिले दाना र उत्पादन लागत बढ्दा प्रतिगोटा अण्डाको मूल्य ८ रुपैयाँमा झरेको बताएका छन् ।

उत्पादकहरूले लागत निर्धारण र बजारीकरण लगायतका समस्यामा गम्भीर रहेको र तत्काल कार्यदल गठन गरी प्रतिवेदनका आधारमा समस्या हल गर्नु पर्ने सुझाव दिएका छन् ।

**माग पूरा गर्न आन्दोलन गर्ने :**

व्यवसायीहरू नमिल्दा समस्याको ओइरो आफैभित्र लागेको छ । उत्पादन लागत, बजारीकरण, बजार मूल्य निर्धारण लगायतका ब्रोइलर कुखुरा पालक किसानहरूको समस्या सरकार र सरोकारवालाहरू गम्भीर नभए सडक आन्दोलन गर्ने संघले जनाएको छ । पटक-पटक समस्याका बारेमा जानकारी गराए पनि कुनै सुनुवाई नभएकाले आन्दोलन गर्नै पर्ने वाध्यता रहेको चेतावनी दिएका हुन् ।

व्यवसायीहरूलाई बचाउन सरकारले हस्तक्षेप नगरे आत्मनिर्भर बन्दै गरेको यो क्षेत्र पुन: धरासायी बन्ने सहभागीहरूले बताएका छन् ।

एक सरकारी अधिकारिका अनुसार उत्पादन लागत निर्धारण र बजारीकरण लगायतका समस्या गम्भीर रुपमा उठेपनि बजारमा हस्तक्षेप गर्न नसकिने बताए । उखु, धान लगाएतका केही प्रमुख बालीहरूको कृषि उपजमा सरकारले समर्थन मूल्य निर्धारण गरेपनि मासु र अण्डाको समर्थन मूल्य निर्धारण गर्ने कार्यविधि नभएको बताएका छन् ।

बरु मूल्यमा भएको समस्या समाधान गर्न तत्काल कार्यदल गठन गरी प्रतिवेदनका आधारमा समस्याको हल गरिने आश्वासन पाएका छन् । हाम्रो पत्रपत्रिका पनि किसानाहरूकै भएकोले यस प्रकारको किसानहरू पीडा माथि सरकार गम्भीर भएर समस्याको समाधान गरोस् भन्ने जोडदार माग गर्दछ ।

# एग्रोभेट कर्मीको छलपल

✍धनबहादुर मगर

काठमाडौं मंसीर २१ बीउ विजन तथा एग्रोभेट सम्बन्धी व्यवसायीहरू बीच छलपल कार्यक्रम सम्पन्न भएको छ।

छलफल कार्यक्रममा नेशनल एग्रो भेट सेन्टरका प्रमुख राजु चौधरीले गरिमा धानको कारण व्यवसायीहरूलाई बद्नाम बनाएको जनाउँदैन। जुनसुकै धान बेच्नु नहुने विचार व्यक्त गर्नु भएको छ। उक्त कुरा उपत्यकामा बीउविजन तथा एग्रोभेट सेन्टरहरूको भेलामा बताएको हो। भेलामा समस्या आएको छ। समाधान मिलेर गर्नु पर्छ। "हामीले नाफाको लागि बेच्यौं भनेको त झन् घाटा बहोर्नु परेको छ।"

व्यवसायी दीपक चन्द्र गौतमले गरिमा धानको समस्या आएपछि असझदारी मिलाएर लानु पर्ने बताउनु भएको छ। जसले ल्याएको छ। उसैले तिनुपर्छ भनेर प्रेसर आएको छ। १ रोपनी बराबर ६ हजार नौसयका दरले तिर्नु पर्छ भनेको छ। "अब डराई-डराई व्यवसाय गर्नु पर्ने अवस्था छ।" गौतमले भने। नाम एउटा दर्ता, भित्र माल अर्कै, भारतमा जर्मिनेशन छ। विदेशी बीउ भन्दा पनि चलेको भेराइटी बेच्नु पऱ्यो। किसानले लोकल बीउ रोप्दैन। किसानले नखोजीकन बेच्नु हुँदैन। रोगकीरा सिजन अनुसार आउँछ। बिल भएसम्म ढुक्कले बेच्नु पाउनु पर्छ।

व्यवसायीको हकहीतको कुरा आएन भने संगठनमा बस्नुको औचित्य छैन। बीउ बिक्री वितरणबाट केही न केही भएको छ। ईम्पोटर्सले आफ्नो मात्र गरेको छ भन्ने छ। गरिमाको बीउ फरक छ भनेर सबैलाई थाहा रहेछ। गरिमा धानको विषयमा नेपाल सरकारले टोली गठन गरेर पठाएको छ। गरिमा धानको इम्पोटर्सलेनै तिर्नु पर्छ भनेको हो। यसमा रिटेलर २५, इम्पोटर्स २५, होलसेलरलाई २५ प्रतिशत कायम गऱ्यो।

गरिमाको केस घट्नुको कारण तराईको लागि मात्र दर्ता गरेको धान यहाँ पनि बेचियो। तनहुँ र चितवनको लागि मात्र सिफारिस गरेको, तनहुँमा दर्ता डिलर नभइकन पनि बेचेको रहेछ। सियानले स्पष्ट भनेको छ। ईम्पोटर्सले तिर्नु पर्छ। एउटा कमोडिटीमा अर्को राखेर बेच्दाखेरी आफूले गल्ती गरेको छ। तर हामीले तिरी राखेको छौं। हाम्रो गल्ती भनेको दर्ता भएको बीउ मात्र बेच्दैनौं। दर्ता भएको बीउ मात्र बेचौं। तराई, खोंच र बेसीमा भनेर हावापानी



*गरिमा ईम्पोटर्सकै कमजोरी हो भने भनेका छौं। क्याविनेटमा के निर्णय गर्छ, राज्यले दर्ता गरिदिएको छ। गलत बीउ आयो भने बिक्री गर्दैनौ। कुखुरालाई डिएन ए टेष्ट लिन जरुरी छैन। कतिपय भेराइटीहरू डिएनए टेष्ट गरिरहनु पर्दैन। बीउहरूमा आज चलेको २० प्रतिशत मात्र दर्ता छ। सिफारिस गरेको ठाउँमा मात्र बेच्नु, सूचना गलत दिएर नबेच्नु।*

मिलेको ठाउँमा बेचौं। ईम्पोटर्सले नल्याईकन हामी बेच्दैनौं। ईम्पोटर्सले पनि आफ्नो दायित्व पूरा गरेन दर्ता नभएको बीउ पनि बेची रहेको छ नि। जनताले माग्यो भन्दैमा बेच्न दिनु हुन्न। गरिमाको व्यालेन्स् सीट नै छैन। यो समस्या ज्ञान केन्द्रलाई जिम्मा लगाएको छ। रिटेलरले तिर्दैन। दर्ता भएको बेच्छन् भनेर। तर पनि २६ टन हाइब्रिड पनि होइन भनेर फिर्ता भएको छ। एउटा मात्र बिग्रीयो भने फल्दैन।

हामी व्यवसायीहरू नाफै कमाउन बसेका हौं। नाफा डा.ले लिनु हुने हामीले नहुने, हामीले त गरेरै खाएका छौं। गर्न नसके पनि पुऱ्याउन सक्छौं। कुनै पनि आयत्कर्ताले बीउको हकमा घरवार राखेर ल्याएको हुन्छ। ईम्पोटर्सले यसो गरे उसो गरे भनेर मात्र हुँदैन। हामी सँग एउटा पनि आइटम नभएर २२ वर्षमा अनुभवमा ईम्पोटर्सले दिएन के बेच्ने भन्ने छ। तर त्यसो हुन नदिऊँ। हामी ईमान्दारितापूर्वक कसरी जाने भन्ने हो। आजसम्म ईम्पोटर्सको विपक्षमा कोही बोलेको छैन।

२ सयमा ल्याएर बेचेन भने के गर्ने ? नेपालको कानूनमा १०/१५ प्रतिशत खानुस् भन्ने छ। तर १०० लाई ३०० बिल बनाउँदा कहिल्यै पनि भ्यालु एड हुँदैन। व्यवसायमा ईमान्दार भन्दै कसैले हुन सक्दैनौं। बिग्रीयो भने के भयो भनेर जानकारी दिनुपर्छ।

गरिमा ईम्पोटर्सकै कमजोरी हो भनेर भनेका छौं। क्याविनेटमा के निर्णय गर्छ, राज्यले दर्ता गरिदिएको छ। गलत बीउ आयो भने बिक्री गर्दैनौ। कुखरालाई डिएन ए टेष्ट लिन जरुरी छैन। कतिपय भेराइटीहरू डिएनए टेष्ट गरिरहनु पर्दैन। बीउहरूमा आज चलेको २० प्रतिशत मात्र दर्ता छ। सिफारिस गरेको ठाउँमा मात्र बेच्नु, सूचना गलत दिएर नबेच्नु।

ललितपुर जिल्ला समन्वय समितिको अध्यक्ष गणेश वानियाँले बीउको गुणस्तरको कारणले हो राज्यले गरेको कुरो मान्नु पर्छ एफआईसीसी नेपालको बीउको समस्या छैन भन्नु भयो। सिरियलमा ल्याउनु थियो। बीउविजन समितिले आफ्नो निर्णय गर्छन्। त्यसैले सिरियस केशमा सबैको सहमती गरौं। नभए प्रत्येक लटका बीउमा डिएनए परिक्षण गर्नु पर्छ। हामी ईमान्दार भएनौं भने हानी हुन सक्छ। गरिमाको केशले गर्दा घट्न सक्छ।

बीउ व्यवसायी संघबाट पनि वितरण भएकाले इम्पोटर्सहरूलाई पनि संलग्न गराऔं। रिस्क छ। काम गर्न सकिन्छ। छलफल गरौं। डिएनए टेष्ट गरेको बीउ रिटेलरमा सप्लाई हुँदैन। तराईमा सिफारिस गरेको बीउ पहाडमा लगेर बेच्यौं भने फ्लट् हुन्छ। सियान मार्फतनै भनौं। सरकारलाई तराईमा मात्र होइन पहाडमा पनि अनुसन्धान गरौं भनौं। हाम्रो आवाज पुऱ्याउने ठाउँ बीउविजन संघनै हो। साना कुरा जिल्लास्तरमानै गरौं। यसपाली खुमल धान पनि बिग्रेको छ, गरिमा मात्र होइन। सांसदहरू हाम्रै पक्षमा बोल्नु भएको छ। १५ वर्ष अघि कोही पनि हाइफाई थिएन। तराईमा ९० प्रतिशत उर्वरा छ। पहाडमा पनि धान र मकैको अनसन्धान गरौं। बिक्री गर्दा अधिकारिक सोर्स छ भनेर प्याक गर्नु पर्छ।

२०४५/०७५/११ मा ड्राफ्ट गरेको छ। सूचीकृत गरेको बीउ विषादी मात्र बेच्न पाइन्छ। क्षतिपूर्तिको नियमावली बन्दैछ। मात्ती हाल्नु हुँदैन, विचार गर्नु पर्नेबेला आएको छ। ईमान्दारीपूर्वक माग गर्ने हो भने नेपाल सरकार हाम्रो विरोधी होइन।

बीउ व्यवसायी संघको वरिष्ठ उपाध्यक्ष तथा बीउ विज्ञ मणीदेव भट्टराईले व्यवसायीले गलत सूचना र उमार शक्ति कम छ भने तिर्नु पर्छ। विदेशी बीउ रोक्नु पर्छ।

नेपाली बीउबाट पर्याप्त नभएसम्मको लागि मात्र विशेशबाट मगाउनु पर्छ।

भ्याट बिल भएन भने पनि प्यान बिल भएपनि दिनुहोस् भन्यो भने दिन्छ। उनीहरूले जर्मिनेशन भएन भने दिन्छौं भनेकै छन्।

मूल्यमा छिन्छिन्मै घटबढ हुन्छ। किसानहरू आएर थर्काउछन्। त्यस्तो कुरो टुंगोमा पुग्नु पर्छ।

छलफलमा व्यवसायी दीपक चन्द्र गोतमले ईम्पोटर्सले नल्याएको भए बेच्थ्यो होला ! हामीले मानेको भेराइटी बेच्ने हो।

इम्पोटर्सले नाफा खान्छन् एग्रोभेटहरू गाली मात्र खान्छन्।

शनिवार सबै एग्रोभेट बन्द गर्नु पर्छ कालीमाटी बाहेक अन्त बन्द गर्दैन। स्वास्थ्यको लागि पनि बन्द गर्नु फाइदा छ।

**भेलाले पारित गरेको निर्णयहरू :**

१. भेलाले गरिमा धानको विषयमा दीपकचन्द्र गौतमले तिर्ने नभई ईम्पोटर्सले लिनु पर्ने। व्यवसायीले दर्ता गरेको मात्र ल्याउँने भएकाले सिरियल क्रम धान, मकै, गहुँ सम्पूर्ण बीउविजनको सरकार जिम्मेवार हुनु पर्छ

२. काठमाडौं जिल्ला समितिको सचिव पुष्प सापकोटाले बीउको डिएनएमा नजाऔं। हामीले दर्ता भएको बीउ बेचौं त्यसो गर्दा पनि बिचमा त्यसको कम्पनी इम्पोटर्सले बेहोर्नु पर्ने गरौं। जवाफदेहिता, शुद्धता, उमार शक्तिको जिम्मा कम्पनीले लिनु पर्ने सरकारले निर्णय गरियोस्। सरकारले दर्ता गरेको बीउ बिग्रीयो भने सरकारनै जवाफ देहिता हुनु पर्ने भन्नुभयो र "भौतिक शुद्धता र जेनेटिक शुद्धता ईम्पोटर्सले लिनुपर्छ।"

३. ललितपुर जिल्ला समन्वय समितिका अध्यक्ष गणेश बानियाले हामीले होलसेल दर्ता गऱ्यौं बीउ दर्ता गरेनौं। समस्यामा पऱ्यौं। नेपाली बीउमा समस्या छैन तर सिरियल क्रम धान, मकै, गहुँमा चाहीँ हामीले पक्कै ध्यान दिनुपर्छ नत्र देशमा भोकमरी नै लाग्न सक्छ। त्यसैले यस विषयमा हेलचेक्र्याइ नगरी राज्यले लिएको गाइडलाइनलाई अगाडि बढाऔं। तरकारीमा चाहीँ डिएनको प्रावधान नराखेको भए राम्रो हुने थियो। सरकारी लेवलबाट पनि पहाडी, मध्य पहाडी, क्षेत्रमा पनि अनुसन्धान गर्नु पऱ्यो भनेर सियान मार्फत सरकारसँग कुरा गरौं।

**निष्कर्ष :**

व्यवसायीहरूको भेलामा नेपाल बीउ व्यवसायी संघको वरिष्ठ उपाध्यक्ष मणीदेव भट्टराईले बिक्रेताले दर्ता नगरेको बीउहरू जानीजानी बेचेमा सो बाली बिग्रेमा बिक्रेताले नै बेहोर्नु पर्छ।

ईम्पोटर्सले पनि बीउ प्याकेटमा नै कुन सिजनमा, कुन क्षेत्रमा लाग्ने बीउ हो भनेर उल्लेख गर्नु पर्ने भनेर एसओसीसी उल्लेख नभएको बीउ ईम्पोर्ट गर्न नदिनु भनेर सियान मार्फत जाने निर्णय गरिएको छ।


**कृषि जर्नल मासिकद्धारा जनहितको लागि समर्पित सूचना**

मिर्गौला जस्ता प्राणघातक रोगबाट बच्न
निम्न कुराहरूको पालना गरौं।
अरुलाई बचाऔं, आफू पनि बाचौं

१. धुम्रपान, मध्यपान नगरौं।
२. फ्रिजमा राखिएको, साँधिएको खानेकुराहरू नखाऔं।
३. शुद्ध, ताजा खानपिनमा ध्यान दिऔं

**विचारी चाम्लिङ**
अध्यक्ष
मिर्गौला डाइलासिस् तथा प्रत्यारोपण समाज, काठमाडौं
मोवाइल नं. : ९८६९२४२०८७



**चन्द्रागिरी नगरपालिकाको सूचना**

**सम्पूण नगरवासीहरूमा अनुरोध**

१. नगरको विकासमा सकारात्मक सहभागीता जनाउने र नगरपालिकालाई स्वच्छ हराभरा कायम राख्न सहयोग गरौं।
२. घर, आँगन, सडक पेटी, सफा राखौं। पाटी पौवा र पोखरीहरूको संरक्षण र संवर्द्धन गरौं।
३. वातावरण मैत्री नगर बनाउन प्रतिवद्ध बनौं।
४. जेष्ठ नागरिक, एकल महिला एवं अपाङ्गता भएका व्यक्तिहरूका लागि वितरण गरिने भत्ता तथा अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोग खबरदारी गरौं।
५. जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटनाहरूको दर्ता ३५ दिन भित्रै आफूले पनि गरौं। अरुलाई पनि गर्न प्रेरित गरौं।
६. नगरक्षेत्र तपाईहरूकै हो। यसलाई बनाउनु आफ्नो तर्फबाट सकेजति सहयोग गरौं।

**घनश्याम गिरी**
**मेयर**
चन्द्रागिरी नगरपालिका परिवार